# मध्यमकालीन खर्च संरचना

(आर्थिक वर्ष २०८१/८२- २०८३/८४)




## रोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, काभ्रेपलाञ्चोक

बागमती प्रदेश , नेपाल

२०८१

# भूमिका

आवधिक योजना र दिगो विकासका लक्ष्यहरुले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । गाउँपालिकाले लिएको प्राथमिकताका क्षेत्रमा श्रोतको सुनिश्चितता गर्दै सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय अनुशासन कायम गर्न मध्यमकालीन खर्च संरचनाले मद्दत गर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले संघ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही बमोजिम रोशी गाउँपालिकाको मिति २०७९/१०/२६ गते भएको आठौं कार्यपालिका वैठकबाट मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि प्राविधिक समिति गठन भई दोस्रोत्रिवर्षीय मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले निर्धारण गरे बमोजिम यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको आवधिक योजना र वार्षिक योजना बीचमा तादम्यता कायम गर्दै सार्वजनिक श्रोतको विनियोजन तथा परिचालनलाई प्रभावकारी गराइ योजनाको लक्ष्य हासिल गर्न टेवा पुर्याउँने विश्वास लिइएको छ ।यस मध्यमकालीन खर्च संरचनामा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट अनुमान तथा त्यसपछिका दुई आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को प्रक्षेपण गरी तीन आर्थिक वर्षको बजेट प्रस्तुत गरिएको छ । यस संरचनाले विषय क्षेत्रगत श्रोत सहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

"समृद्ध नेपाल र सुखी नेपाली"को राष्ट्रिय सोच लक्ष्य एवम् सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यहरू, पन्ध्रौं योजनाका लक्ष्यहरु तथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्नमध्यमकालीन खर्च संरचना सहयोगी हुने अपेक्षा गरिएको छ । मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च र श्रोतको अनुमान गरिएको छ । यो खर्च संरचनामा भएका नतिजा सूचक बमोजिमका लक्ष्य हासिल गर्न वार्षिक कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्याङ्कनलाई थप सुदृढ र नतिजामूलक बनाउन जोड दिइएको छ ।

अन्त्यमा, गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा सहयोग र समन्वय गर्नुहुने जनप्रतिनिधीज्यूहरु, सम्पूर्ण शाखा प्रमुखहरु एवम् कर्मचारीहरु र सरोकारवालाहरुलाई हार्दिक आभार एवम् धन्यवाद दिदै आवधिक रुपमा तर्जुमा हुने मध्यमकालीन खर्च संरचनाको सुधार एवम् परिमार्जनका लागि रचनात्मक सल्लाह र सुझावको समेत अपेक्षा गर्दछौं ।

**रोशी गाउँपालिका**
**असार, २०८१**

# विषय सूची


***परिच्छेद १*** ........ ***1***

***परिचय*** ........ ***1***

१.१ पृष्ठभूमिः ........ 1

१.२ अवधारणा तथा उद्देश्य ........ 1

१.३ संस्थागत व्यवस्था ........ 2

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया ........ 3

***परिच्छेद २*** ........ ***5***

***मध्यमकालीन खर्च संरचना*** ........ ***5***

२.१ पृष्ठभुमिः ........ 5

२.२ चुनौती तथा अवसरः ........ 5

२.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिः ........ 6

२.३.१. दिर्घकालीन सोचः ........ 6

२.३.२. उद्देश्यः ........ 6

२.३.३ रणनीतिः ........ 6

२.४. मध्यमकालीन आर्थिक खाकाः ........ 6

२.५. मध्यमकालीन नतिजा खाकाः ........ 7

२.६ मध्यमकालीन बजेट खाका ........ 9

***परिच्छेद ३*** ........ ***11***

***आर्थिक क्षेत्र*** ........ ***11***

३.१ पृष्ठभूमिः ........ 11

३.२ समस्या तथा चुनौतीः ........ 12

३.३ लक्ष्यः ........ 12

३.३ रणनीतिः ........ 12

३.३.१ कृषि तथा भूमि व्यवस्थाः ........ 12

३.३.२ सिँचाईः ........ 12

३.३.३ पशुपन्छीः ........ 13

३.३.४ सहकारी तथा गरिबी निवारण ........ 13

३.३.५ उद्योग, वाणिज्य तथा आपूर्ति ........ 13

३.३.६ सम्पदा, संस्कृति तथा पर्यटनः ........ 13

३.३.७ श्रम तथा रोजगारी ........ 13

३.४ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यः ........ 13

३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........ 15

३.६ कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण ........ 15

३.७ जोखिम पक्ष तथा अनुमानः ........ 18

***परिच्छेद ४ ........ 19***

***सामाजिक क्षेत्र ........ 19***

४.१ पृष्ठभूमिः ........ 19

४.२ समस्या तथा चुनौती ........ 19

४.३ उद्देश्य ........ 20

४.४ रणनीतिः ........ 20

४.४.१ स्वास्थ्य तथा पोषण ........ 20

४.४.२ शिक्षा, विज्ञान तथा प्रविधि ........ 20

४.४.३ खानेपानी तथा सरसफाइ ........ 20

४.४.४ युवा, खेलकुद तथा नवप्रवर्तन ........ 21

४.४.५ महिला वालवालिका तथा समाज कल्याण ........ 21

४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य ........ 21

४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........ 24

४.७ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ 24

४.८ जोखिम पक्ष तथा अनुमान ........ 30

***परिच्छेद ५ ........ 31***

***पूर्वाधार क्षेत्र ........ 31***

५.१ पृष्ठभूमि ........ 31

५.२ चुनौती तथा अवसर ........ 31

५.३ उद्देश्य........32
५.४ रणनीतिः........32
५.४.१ भवन, आवास बस्ती तथा शहरी विकास:........32
५.४.२ सूचना तथा सञ्चार........32
५.४.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा........32
५.४.४ सडक, पुल तथा यातायात व्यवस्था........32
५.५ विषय क्षेत्रगत नतिजा सूचकः........33
५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमानः........34
५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणः........34
५.८ जोखिम पक्ष तथा अनुमान........36
***परिच्छेद ६........37***
***वन, वातावरण तथा विपद् व्यवस्थापन........37***
६.१ पृष्ठभूमि........37
६.२ चुनौति तथा अवसर........37
६.३ उद्देश्य........38
६.४ रणनीतिः........38
६.४.१ वन तथा जैविक विविधता........38
६.४.२ भू-संरक्षण तथा जलाधार व्यवास्थापन........38
६.४.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन........38
६.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य........39
६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान........39
६.७ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण........39
६.८ जोखिम पक्ष तथा अनुमान........41
***परिच्छेद ७........42***
***संस्थागत विकास तथा सुशासन........42***
७.१ पृष्ठभूमि........42
७.२ समस्या तथा चुनौती........42

७.३ उद्देश्यः ........................................................................................................ 43
७.४ रणनीति ........................................................................................................ 43
७.४.१ कानुन, न्यान तथा सुशासन ........................................................................ 43
७.४.२ संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह ........................................ 43
७.४.३ स्रोत परिचालन........................................................................................ 43
७.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यः ............................................................ 44
७.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ............................................................ 45
७.८ जोखिम पक्ष तथा अनुमानः ........................................................................... 46

# परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि:

नेपालको संविधानको कार्यान्वयन, "समृद्ध नेपाल र सुखी नेपालीको वर्तमान नेपाल सरकारको लक्ष्य एवम् सन् २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकास लक्ष्यहरूतथा गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन हुनुपर्दछ । गाउँपालिकाको आवधिक योजना र वार्षिक बजेट बीच तालमेल मिलाई समग्र गाउँपालिकालाई समुन्नत, आत्मनिर्भर बनाउन तथा स्रोतहरुको न्यायोचित वितरणको व्यवस्था गर्न, सार्वजनिक खर्चलाई पारदर्शी, मितव्ययी ढङ्गले परिचालन गर्न मध्यमकालीन खर्च संरचनाले आवश्यक सुधार ल्याउँछ । नेपालको संविधान अनुरूप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले अनिवार्य रूपमा मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यस ऐन अनुसार मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य तथा सो योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याईंलाई समेटिनुपर्ने, प्रस्तावित योजना कार्यान्वयन हुनेआर्थिक वर्षर त्यसपछिका दुईआर्थिक वर्षमा प्राप्त हुनसक्नेप्रतिफल र उपलब्धि समेत राख्नुपर्ने व्यवस्था छ । यसका अलावा योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण र सो रकम कुन कुन स्रोतबाट के कति व्यहोर्ने र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण गरिएको हुनुपर्ने प्रावधान छ । यसै प्रावधानलाई ध्यानमा राखी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यो खर्च संरचना तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरण गर्ने आधारहरू परिमार्जन गरी वस्तुगत रूपमा पन्ध्रौं योजना तथा दिगो विकास लक्ष्यहरू हासिल गर्ने दिशामा कार्यक्रम/आयोजना उन्मुख छ, छैन भन्ने मुख्य आधारमा प्राथमिकीकरणको निश्चित मापदण्ड बनाइएको छ । यस मध्यमकालीन खर्च संरचनामा पहिलो वर्ष वा आर्थिक वर्ष २०८१/८२ को हकमा विनियोजित बजेट अनुरूप र त्यसपछिका बाँकी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध साधन स्रोत र खर्च गर्ने क्षमतालाई आधार मानी रकम अनुमान गरिएको छ । यसैगरी विभिन्न क्षेत्रमा आगामी तीन वर्षभित्र गरिएको लगानीबाट प्राप्त हुने लक्षित प्रतिफल तथा नतिजा सूचकहरू प्रस्तुत गरिएको छ ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा यस खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताकोक्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरूको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र सङ्घीय संरचनामा सङ्घीय सरकार र प्रदेश

सरकारले स्थानीय तहको सरकारलाई उपलब्ध गराउनुपर्ने अनुदान र राजस्व बाँडफाँड सहितको मध्यमकालीन खर्च अनुमानको खाका तयार गरिन्छ। यसमा सम्बन्धित निकायहरूको व्यापक छलफल पछि तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ। यो खाका तयार गर्दाबजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ। यसमा पहिला वर्ष बजेट अनुमान हुन्छ जुन चाहि बार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको प्रक्षेपण गरिन्छ। पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ। जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भनेबाँकी दुई वर्षकोविगतमा प्रक्षेपण गरेकोअनुमानलाई परिमार्जन गरी एक वर्षकोबजेट प्रक्षेपण थप गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबलेप्रत्येक वर्ष तीन वर्षकोबजेटकोआँकलन गर्नुपर्ने हुन्छ। त्यसैलेयसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनकोअवस्था,राजस्व र वैदेशिक सहायताकोअनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमाजर्न गरिनुपर्ने हुन्छ। यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ। मध्यमकालीन खर्च संरचनाका उद्देश्यहरु निम्नानुसार छन्:

- सार्वजनिक खर्च प्रणालीमा वित्तिय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतकोवास्तविक अनुमान गरी बजटे खाका तर्जुमा गर्ने।

- गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको विनियोजन प्रक्रियाको पुनर्संरचना गरी प्राथमीकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँड गर्ने।

- सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

- सम्बन्धित विषयगत शाखाहरूको बजेट अनुमान वास्तविक बनाउने।

## १.३ संस्थागत व्यवस्था

नेपालमा सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापनमा धेरै समस्याहरू विद्यमान थिए। खासगरी आवधिक योजना र वार्षिक कार्यक्रम बीचमा तादाम्यता नरहने, कुनैआयोजनामा आवश्यक बजेट विनियोजन नगरिनु, कुनैआयोजनामा आवश्यकताभन्दा बढी बजेट विनियोजन हुनु, दिगो नहनु, खर्चिलोआयोजनामा पनि निरन्तर रूपमा बजेट विनियोजन हुनु, बजेटकोसुनिश्चितता नहुनु र कार्यान्वयन क्षमता भन्दा बढी आयोजनाहरू सञ्चालनमा रहनु यस्ता प्रमुख समस्याहरू हुन्। सावर्जनिक खर्चमा देखिएका यी समस्याहरूलाई सम्बोधन गर्न सावर्जनिक खर्च पुनरावलोकन आयोग, २०५७ ले मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयनको सिफारिश गरेको थियो। यसलाई ध्यानमा राखी दशौं योजना (२०५९–६५) सँगसँगै मध्यमकालीन खर्च संरचना योजनासँग तालमेल हुनेगरी तर्जुमा तथा कार्यान्वयन गर्न थालिए थियो। नेपालमा पहिलो पल्ट आर्थिक वर्ष २०५९/६० देखि यस्तो खर्च संरचनाको शुरुआत भएकोथियो। शरुमा शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, विद्युत, सडक र जलस्रोत जस्ता मुख्य क्षेत्रमा यसको शुरुवात गरिएको थियो। यसले आवधिक योजना र वार्षिक बजेट बीच तादाम्यता कायम गर्ने, विकास आयोजना/कार्यक्रमहरूलाई प्राथमिकीकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्यहरू पूरा गर्ने गरी

स्रोत साधनको सदुपयोग गर्ने तथा पहिलोप्राथमिकतामा परेका परियोजनाहरूमा स्रोतकोसुनिश्चितता गर्ने उद्देश्य लिएको थियो र यसबाट वित्तिय अनुशासन र आर्थिक स्थायित्वको अपेक्षा गरिएको थियो। पहिलो मध्यमकालीन खर्च संरचनामा मात्रै २०३ वटा कम प्रतिफल दिने आयोजनाहरू हटाउने वा गाभ्ने कार्य गरिएको थियो। त्यसैले यसले नीति निर्माता तथा योजनाकारलाई खर्चको प्राथमिकीकरण गरी सीमित स्रोतको उचित बाँडफाँडबाट विकास लक्ष्य प्राप्त गर्न सहयोग पुर्याएको थियो। शुरुका ५–६ वर्षसम्म यस खर्च संरचना तर्जुमा कार्यलाई संस्थागत गर्न प्रयास गरिएको र त्यसको फलस्वरूप यसका उद्देश्यहरू खासगरी वित्त अनुशासन र खर्चकोरणनीतिक रूपमा विनियोजन कार्यमा सहयोग पुर्याएकोथियो। तर, यस खर्च संरचना तर्जुमा गर्न कानूनी वाध्यता नरहेको आदि कारणले त्यस पछिका केही वर्षहरूमा यसको तर्जुमा निरन्तरता दिन सकिएन। तर हाल अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले कानूनी रूपमा यसलाई अनिवार्य गरपेछि यसैखर्च संरचनालाई संस्थागत गर्न सहयोग पुगेको छ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

**१. त्रिवर्षिय प्रक्षेपण सहित कुल बजेट र श्रोतको आकार तयार गर्नेः** गत आ.व.को यथार्थ स्थिति, चालु आ.व. को प्रक्षेपित अवस्था, संघ र प्रदेश सरकारबाट प्राप्त श्रोतको आधारमा आगमी ३ बर्षको बजेट तथा कार्यक्रम सम्बन्धमा वडा कार्यालय, सम्बन्धित विषयगत शाखा, योजना तथा प्रावधिक शाखा र कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आ.व. र थप २ आर्थिक वर्षको बजेट र कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन गरिएको छ। यो कार्य गर्दा सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा योजना तथा प्राविधिक शाखाले समग्रमा पुनरावलोकन गरी अवधारणापत्र तयार गरेको छ भने श्रोत अनुमान समितिले गाउँपालिकाको अर्थतन्त्रको वर्तमान अवस्था, चालु आवधिक योजना, संघ र प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त हुन् बजेट श्रोत, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा रोयल्टी वापत प्राप्त हुने रकम, वाह्य एवं आन्तरिक वित्तिय श्रोतको सम्भावना, करको लचकता, राजश्व प्रक्षेपण तथा नीति तथा प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको कुल बजेटको आधार तयार गरिएको छ।

**२. बजेट सिमा निर्धारण तथा बाँडफाँडः** श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तयार गरेको आगामी ३ वर्षको श्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा योजना शाखाद्वारा विषयगत रुपमा चालु र पूँजिगत र वित्तिय व्यवस्था सहितको बजेटको सिमा र मार्गदर्शन तयार गरिन्छ। माथि उल्लेन गरिए अनुसार तयार भएको विषयगत बजेट सिमा र मार्गदर्शन कार्यदलमा पेश भै आवश्यक छलफल तथा परिमार्जन गरी श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति मार्फत कार्यपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्दछ। कार्यपालिकाबाट स्वीकृत बजेट सिमा र मार्गदर्शनलाई वडा कार्यालयसँगको प्रतक्ष्य सम्पर्क र सहयोग समेतको आधारमा विषय उपक्षेत्रगत र क्षेत्रगत रुफमा मध्यमकालीन खर्च संरचना तयार गर्न सम्बन्धित शाखामा पठाउने गर्नु पर्दछ।

**३. विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारीः** गाउँकार्यपालिकाबाट स्वीकृत गरी पठाएको बजेट सिमा र मार्गदर्शनभित्र रही सम्बन्धित विषयगत शाखाले आफ्नो विषय क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा आयोजना मध्ये वडा कार्यालयसँगको समेत समन्वयमा आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमहरुको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको विषय उपक्षेत्रगत मध्यमकालिन खर्च संरचना विवरण तयार गरियो

र यसरी उपक्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको विवरणलाई कार्यदलले सम्बन्धित शाखा प्रमुखसँगको सहकार्यमा विषयक्षेत्रगत रुपमा एकिकृत गरी विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गरी गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, स्थानीय प्राथमिकता र विषयक्षेत्रगत नीति तथा योजना अनुरुप आवश्यक छलफल एवं परिमार्जन गरी प्रस्तावित मध्यमकालीन खर्च संरचनामा प्रस्तावित आयोजना/कार्यक्रम तथा उपक्षेत्रको रणनीति स्तम्भ, प्राथमिकीकरण तथा दिगो विकासका लक्ष्यका आधारमा सांकेतिकरण गर्नु पर्दछ।

**४.एकिकृत मस्यौदा तयारः** विषयगत शाखामा छलफल गरी प्रस्ताव भएका आयोजना/कार्यक्रम तथा उपक्षेत्रगत त्रिवर्षिय खर्च प्रक्षेपण सहितको विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमलाई कार्यदल स्तरमा आवश्यक छलफल तथा परिमार्जन सहित मध्यमकालिन खर्च संरचनाको एकिकृत मस्यौदा तयार गरिन्छ । सो क्रममा कार्यदलले खर्चको माग र उपलब्ध श्रोतवीच सामञ्जस्यता कायम हुनेगरी विश्लेषण गरी विषय क्षेत्रगत माग र श्रोतको विवरण तयार गर्नु पर्दछ।

**५. कार्यपालिकामा पेश तथा स्वीकृतः** मध्यमकालीन खर्च संरचना मस्यौदा तयारी कार्यदलले तयार गरेको मध्यमकालीन खर्च संरचनाको एकिकृत मस्यौदा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्दछ । पेश भएको एकिकृत मस्यौदा उपर गाउँकार्यपालिकामा छलफल भई आवश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गरिन्छ। कार्यपालिकाबाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि गाउँसभामा पेश गरिन्छ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभुमिः

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात भएको हो । आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धीऐनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितकोमध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको दीर्घकालिन सौँच सहितको आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेकोछ । आर्थिक वर्ष (२०८१/८२–२०८३/८४) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनामा गाउँपालिकाको दोस्रोआवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाको प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ चुनौती तथा अवसरः

यस गाउँपालिकाको आवधिक योजनाले लिएको उद्देश्य हासिल गरी नागरिकको जीवनस्तरमा गुणात्मकसुधार ल्याउने कार्य प्रमुख चूनौतिको रुपमा रहेको छ। स्थानीय सरकारको रुपमा गाउँपालिकाको जिम्मेवारीपुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धिगर्नु समेत चूनौतिपूर्ण छ । गाउँपालिकाको आवधिक योजनाको लक्ष्य अनुसार रोशी गाउँपालिकालाईपर्यटकीयगन्तब्य बनाउन सम्भावनाको खोजि गरी व्यवस्थित बनाउने कार्य पनि चूनौतिको रुपमा रहेका छ।स्थानीय सरकारका रुपमा गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचानतथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा

प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन,रोजगारी र आयआर्जन वृद्धि जस्ता अवसरहरु सिर्जना भएका छन्। स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामाउद्यमशीलता विकास, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्ने दिशामा अगाडि बढ्ने समेत अवसर सिर्जनाभएको छ ।

## २.३ सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिः

### २.३.१. दिर्घकालीन सोचः

समृद्ध रोशीःजनता खुसी ।

### २.३.२. उद्देश्यः

१. उत्पादन र रोजगारी वृद्धि गर्नु,
२. स्वस्थ र सक्षम नागरिक विकास गर्नु,
३. गुणस्तरीय पूर्वाधार विकासगर्नु,
४. विकास र वातावरण बीच सन्तुलन कायम गर्नु,
५. सुशासन कायम गर्नु ।

### २.३.३ रणनीतिः

- कृषि, व्यापार, पर्यटन एवं सेवा क्षेत्रकोविकास र विस्तारबाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरीगरिबी निवारण गर्ने।
- शिक्षा, स्वास्थ्य, आय र रोजगारी तथा अनिवार्य सेवा प्रवाह लगायतका सबै विकास प्रक्रियामामानव विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चत गर्ने ।
- गुणस्तरीय स्थानीय पूर्वाधारको विकास गरी आर्थिक सामाजिक विकासको आधारशीला तयार गर्ने।
- वन वातावरण, भू तथा जलाधार, जैविक विविधता संरक्षण तथा विपद्जोखिम न्यूनीकरण गर्ने।
- व्यक्तिगत, संगठनात्मक र संस्थागत क्षमता विकास तथा संस्थागत समन्वय एवं सुदृढीकरण गरीविद्युतीय कार्यप्रणालीको अवलम्बन गर्दे सुशासनको प्रत्याभूति गर्ने।

## २.४. मध्यमकालीन आर्थिक खाकाः

यस रोशी गाउँपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । आगामी ३ वर्षको आर्थिक खाका यहाँ प्रस्तुत गरिएको छ ।

| क्र.सं | सूचक/लक्ष्य | एकाइ | २०७९/८० को | २०८०/८१ को | मध्यमकालीन लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | उपलब्धि | अनुमानित उपलब्धि | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|---|
| १ | वार्षिक आर्थिक बृद्धिदर | प्रतिशत | २.३ | ३.५ | | | | संघीय सरकारको मध्यमकालीन खर्च संरचनाले निर्धारण गरे बमोजिम हुने । |
| | कृषि वस्तुको औसत उत्पादकत्व | मे.ठ.प्रति हेक्टर | ३.३ | ३.४ | | | | |
| | उद्योग | प्रतिशत | १०.८९ | ०.५६ | | | | |
| | सेवा | | ५.३२ | २.३३ | | | | |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डल | १४०५ | १४५६ | | | | |
| ३ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९.५ | | | | |
| ४ | व्याजदर | प्रतिशत | ९.५ | १०.३ | | | | |
| ५ | राजश्व बृद्धिदर | प्रतिशत | | | | | | |
| ६ | आन्तरिक ऋण | प्रतिशत | १०.१ | -६.७ | | | | |
| ७ | आर्थिक जोखिम सूचकाङ्क | सूचकाङ्क | २९.७ | २९ | | | | |
| ८ | मानव सम्पत्ति सूचकाङ्क | सूचकाङ्क | ७६.३ | ७६.५ | | | | |

## २.५. मध्यमकालीन नतिजा खाकाः

सोह्रौं योजना, गाउँपालिकाको आवधिक योजनाले लिएको समष्टीगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टीगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाकामा विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानीत उपलब्धिको आधारमा आगामी आ.व. २०८१/८२ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाले दोस्रो र तेस्रो वर्षको लक्ष्य गाउँपालिकाको आवधिक योजनाको आधारमा निर्धारण गरिएको छ । समष्टीगत मध्यमकालीन नतिजा खाका यहाँ प्रस्तुत गरिएको छ ।

| क्र.सं | सूचक | एकाई | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | कुल गार्हसत उत्पादनमा योगदान | प्रतिशत | २५ | २८ | ३५ | ३७ | ४० |
| २ | सिंचाई योग्य जमिनको तुलनामा सिंचाई हुने जमिन | प्रतिशत | १५ | २५ | ३० | ४० | ५० |
| ३ | दुध उत्पादन | दैनिक लि. | २४००० लि. | २७००० लि. | २९००० | ३१००० | ३४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | होमस्टेको संख्या | संख्या | २० | २२ | २५ | ३० | ४१ |
| ५ | सांस्कृतिक संग्रहालय | संख्या | ० | ० | १ | १ | २ |
| ६ | प्रारम्भिक बाल विकास तथा पुर्व प्राथमिक शिक्षामा कुल भर्नादर | प्रतिशत | ८०.९ | ८०.९ | ८१.९ | ८२ | ८३ |
| ७ | पूर्व प्राथमिक तहको अनुभव भएका कक्षा १ मा नवप्रवेशीको प्रतिशत | प्रतिशत | ९१.८ | ९२ | ९३ | ९४ | ९५ |
| ८ | साक्षरता दर | प्रतिशत | ६९.४ | ६९.५ | ७० | ७०.५ | ७१ |
| ९ | मातृभाषामा आधारभूत शिक्षाको उपलब्धता | प्रतिशत | २५ | २५ | २५ | २५ | २५ |
| १० | खुल भर्नादर | प्रतिशत | ७५.२ | ७५.२ | ७६.२ | ७७.२ | ७८.२ |
| ११ | संस्थागत सुत्केरी | प्रतिशत | २४ | २७ | ३० | ३५ | ४० |
| १२ | पूर्ण खोप | प्रतिशत | ७६ | ९३ | ९५ | ९५ | १०० |
| १३ | बढिमा आधा घण्टाको दुरिमा सडक यातायातमा पहुंच भएको जनसंख्या | प्रतिशत | ९० | ९६ | १०० | १०० | १०० |
| १४ | कालोपत्रे सडक | कि.मि | १.१ | १.१ | २.१ | ७ | १० |
| १५ | इन्टरनेट प्रयोग गर्ने परिवार | प्रतिशत | ८ | १५ | २० | ३० | ५० |
| १६ | इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय स्वास्थ्य संस्था र विद्यालय | संख्या | १५ | ४२ | ६० | ८० | ९६ |
| १७ | प्रगति समीक्षा | संख्या | २ | ३ | ४ | ४ | ४ |

## २.६ मध्यमकालीन बजेट खाका

| क्र.स | विषय क्षेत्र | आर्थिक वर्ष | बजेट सीमा | | | बजेट स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वितिय | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | आर्थिक विकास क्षेत्र | आ.व.२०८१/०८२ | २८९८४००० | १६८१०७२० | १२१७३२८० | | ६०४८५०० | ८०१०००० | १४९२५५०० | |
| | | आ.व.२०८२/०८३ | ३१८८२४०० | १८४९१७९२ | १३३९०६०८ | | ६६५३३५० | ८८११००० | १६४१८०५० | |
| | | आ.व.२०८३/०८४ | ३५०७०६४० | २०३४०९७१ | १४७२९६६९ | | ७३१८६८५ | ९६९२१०० | १८०५९८५५ | |
| २ | सामाजिक विकास क्षेत्र | आ.व.२०८१/०८२ | ३९४३०२७६९ | ३४३०४३४०९ | ५१२५९३६० | | ३५४६३५०० | ३२२१८९७६९ | १६६५९५०० | |
| | | आ.व.२०८२/०८३ | ४३३७३३०४६ | ३७७३४७७५० | ५६३८५२९६ | | ३९००९८५० | ३५४४०८७४६ | १८३२५४५० | |
| | | आ.व.२०८३/०८४ | ४७७१०६३५० | ४१५०८२५२५ | ६२०२३८२६ | | ४२९१०८३५ | ३८९८४९६२० | २०१५७९९५ | |
| ३ | पूर्वाधार क्षेत्र | आ.व.२०८१/०८२ | १३४७५१२८२ | २०२१२६९ | १३२७३००१३ | | ९०००००० | ४८७५१२८२ | २७००००० | |
| | | आ.व.२०८२/०८३ | १४८२२६४१० | २२२३३९६ | १४६००३०१४ | | ९९००००० | ५३६२६४१० | २९७०००० | |
| | | आ.व.२०८३/०८४ | १६३०४९०५१ | २४४५७३६ | १६०६०३३१५ | | १०८९०००० | ५८९८९०५१ | ३२६७००० | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | आ.व.२०८१/०८२ | ६६५०००० | ९९७५०० | ५६५२५०० | | २५००००० | ४१५०००० | ० | |
| | | आ.व.२०८२/०८३ | ७३१५००० | १०९७२५० | ६२१७७५० | | २७५०००० | ४५६५०००० | ० | |
| | | आ.व.२०८३/०८४ | ८०४६५०० | १२०६९७५ | ६८३९५२५ | | ३०२५०० ० | ५०२१५०० | ० | |
| ५ | सुसासन तथा संस्थागत विकास क्षेत्र | आ.व.२०८१/०८२ | १२७३०९१९२ | १२०९४३७३२ | ६३६५४६० | | ११७६१७२६२ | ९०१२९३० | ५७८००० | |
| | | आ.व.२०८२/०८३ | १४००४०११ १ | १३३०३८१०६ | ७००२००६ | | १२९३७८९८८ | ९९१४२२३ | ६३५८०० | |
| | | आ.व.२०८३/०८४ | १५४०४४१२२ | १४६३४१९१६ | ७७०२२०६ | | १४२३१६८८७ | १०९०५६४५ | ६९९३८० | |

# परिच्छेद ३

# आर्थिक क्षेत्र

## ३.१ पृष्ठभूमिः

यस गाउँपालिकाको क्षेत्रहरुमा भौगोलिक विकटता र हावापानीमा विविधता छ । यसका धैरै क्षेत्रमा फलफूल तथा तरकारी खेती गर्न सकिने भएकोले कृषि उत्पादनको लागि योग्य आवयव पाईन्छ।यातायातको दृष्टिले बि.पि.राजमार्गसंग जोडने ग्रामिण सडकको पहुंच निर्माण भइसकोले आउने दिनमा व्यवसायिक रुपमै योजना बनाएर यस क्षेत्रको कृषिलाई व्यवसायिक बनाउन सकिन्छ । यहाँको जनताको मुख्य पेशा कृषि तथा पशुपालन भएकोले कृषि क्षेत्रबाट मात्र विकासको सम्भावना रहेको हुँदा '' रोशीको दृष्टि, पर्यटन र कृषि '' नारा साथ कृषि तथा पशुपन्छी पालन, उत्पादन, उत्पादकत्व बढाउन परम्परागत प्रणालीबाट आधुनिकरण, व्यवसायीकरण, प्रशोधन, ग्रेडिङ,प्याकिङ लेवलिङ तथा बजारिकरण गर्दै स्व-रोजगार तथा आर्थिक रुपमा सवल हुनतरकारी फलफूल तथा खाद्यान्नमा आत्मनिर्भर हुन र सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याइने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सीप, अवधारणा, सिर्जनशील क्रियाकलापकोमहत्व भएकोले सोहि अनुसार कार्यान्यिन गरी कृषकहरुको आयश्रोत बढाउने र कृषि पेशालाई मर्यादित बनाउने रोशी गाउँपालिकाको मुख्य भूमिका रहेको छ ।

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम वीचमा अन्तरसम्बन्ध कायम गरी आर्थिक रुपमा सवल तथा आयस्तर सुधारको लागि कृषि तथा पशुपालन व्यवसायिक खेति प्रणालीमा बजारीकरण, रोजगारी तथा उत्पादन र उत्पादकत्वमा बृद्धि गरी,हालको जिविकोपार्जन प्रणालीबाट कृषकको आयस्तर न्युन भएको हुदा उन्नत जातका पशुवस्तु पालन तथा छोटो समयमा धैरै उत्पादन हुने र बजारको माग अनुसार आपुर्ति गर्न सकिने पशुपालन व्यवस्थापन जोड दिन विभिन्न स्थानमा वतावरणीय दृष्टीले सुहाउदो खेति गर्न गाई/भैसी/बाख्रा/कुखुरा लगायतका श्रोत केन्द्र,पकेट/ब्लोक,जोन तथा सुपर जोन जस्ता कार्यक्रमको विकास गरी उत्पादन तथा उत्पादकत्वमा बृद्धि,दिगो विकासका आवधारणा लागु हुनेछ । कृषि/पशु पालन मर्यादित वनाउन सबै प्रकारका कृषकहरुको वर्गिकरण,किसान सुचिकरण तथ्यांक संकलन ,व्यवसायिक खेति प्रणाली उन्नत विउ,मल,प्रविधि, भण्डारण,चिस्यान केन्द्र,पशुपन्छीसंकलन केन्द्र,ढुवानी,गोठ/खोरसुधार,नश्ल सुधार,पशुको आहारा व्यवस्थापन,पशु तथा पशुजन्य पदार्थको प्रशोधन,ट्यागिङ तथा मूल्य निर्धारण तथाबजारीकरण,प्राविधिक ज्ञानसिप तथा प्रचारप्रसार लगायतका कार्य स्थानीय तहबाट सम्पादन गरी रोशी गाउँपालिका मुल नारा “ रोशीको दृष्टी पर्यटन र कृषि, को साथै सक्षम नागरिक,दिगो विकास तथा स्वच्छ सुन्दर समृद्ध रोशी"कृषकको र रोशीको जनताको सम्वृधिको लागि " नेपाल सरकारको वीस वर्षिय –दीर्घकालिन कृषि योजनाको लक्ष्य तथा रणनीति अनुसार आर्थिक बृद्धिलाई गति दिने,कृषकको जिवनस्तर उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख '' आत्मनिर्भर,दिगो,प्रतिस्पर्दा तथा समावेशी कृषि क्षेत्र “ गरिवी न्युनिकरण,उच्च र अन्य थप समतामुलक आय,किसानहरुको अधिकारको सुरक्षा र सुढृकरण कार्य लागू गरी रोशीको विकासको लागि कृषि/पशुपान व्यवसायिक उत्पादन प्रणालीको लागि नीतिगत सुधार व्यवसायिक पूर्वाधार विकास र पशुवस्तु गाई,भैसी,बाख्रा, वंगुर,माछा तथा कुखुरा प्रवर्द्धनको नीति अवलम्बन गरिने छ ।

## ३.२ समस्या तथा चुनौतीः

**समस्या**ः व्यवसायीक अवधारणा तथा प्राविधिक ज्ञानको कमी, बाली उत्पादनको खास पकेट क्षेत्र घोषण नहुनु, कृषिमा आधुनिक प्रविधि र उपकरण तथा उत्पादन सामाग्री भित्रिन नसक्नु, सिँचाई सुविधाको कमी हुनु,उत्पादित सामाग्री बेचबिखन गर्ने स्थानीय बजारको कमी न्यून हुनु तथा कृषि उपजको राम्रो बजारीकरण हुननसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास राम्रोसँग हुन नसक्नु, मूल्य सूचनाबारे जानकारी नहुनु, कृषि कर्जा, बीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु, पढेका मानिसले कृषि कार्यमा लाग्न नहुने सामाजिक दृष्टिकोणले गर्दा सम्मानजनक हुन नसक्नु आदि यसक्षेत्रका प्रमुख समस्याहरू हुन्।

**चुनौती**ः कृषिमा युवा जनशक्ति आकर्षित गर्नु, कृषियोग्य समथर जमीनको बढ्दो अन्यथा प्रयोगलाई रोक्नु, काम गर्ने उमेर समूहका मानिसको बढ्दो पलायनलाई रोक्नु, बाली विविधिकरण र सघनीकरण गर्नु, पर्याप्त सिंचाइको व्यवस्था गर्नु, जैविक खेतीको विस्तार गर्नु, कृषिलाई व्यवसायिकरण गर्नु, उन्नत नश्ल र व्यवसायिक पशुपालन गर्नु, विभिन्न सरुवा रोग तथा प्रकोपहरुको प्रभावबाट बच्ने उपाय विकास गर्नु, कृषि तथा पशु विमालाई विस्तार गर्नु, जलवायु परिवर्तनका असर अनुरूप अनुकूलनका बाली विकास गर्नु, खसीबोका, कुखुरा तथा अन्य पशुपंक्षीको मासुकोव्यवसायिक उत्पादन गर्नु, कृषि पेशालाई सम्मानित पेशाको रूपमा स्थापित गर्नु, कृषि तथा पशु बीमा प्रणालीलाई कार्यान्वयनमा ल्याउनु, कृषिमा वित्तीय पहुँच पुर्याउनु, वन्यजन्तुबाट हुने नकारात्मक प्रभावबाट कृषि तथा पशुपालनलाई संरक्षण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती रहेका छन्।

## ३.३ लक्ष्यः

- कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ,
- कृषि र पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यवसायिकरण, बजारीकरण गर्नु ,
- पर्यटन क्षेत्रको विकास गरी आय र रोजगारीमा वृद्धि गर्नु ,
- उद्यमशीलताको विकास गर्नु ,
- उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गर्नु ,
- सहकारिताका माध्यमबाट स्थानीय अर्थतन्त्रको विकास गर्नु ,

## ३.३ रणनीतिः

### ३.३.१ कृषि तथा भूमि व्यवस्थाः

१. उन्नत कृषि सामग्री, बीउ विजन, औजार, वित्तीय सेवा तथा जैविक प्रविधिको उपयोग गर्ने,
२. भू–बनौटको आधारमा कृषि जमिनको सुधार गर्ने,
३. कृषि अनुसन्धान, नविन ज्ञान र प्रविधिमा कृषकको पहुँच अभिवृद्धि गर्ने,
४. पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायिकरण र बजारीकरण गर्ने,
५. स्थानीय जातका बीउ विजन र उत्पादनको प्रवर्धन र सम्बर्धन गर्ने।

### ३.३.२ सिँचाईः

१) सिंचाई योजना विकास र विस्तार गर्ने,

२) विद्यमान सिंचाइ प्रणालीको संरक्षण, सम्भार र स्तरउन्नती गरी पूर्णरुपमा उपयोग गर्ने,

३) जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्ने ।

### ३.३.३ पशुपन्छीः

१. पशुपन्छीको विकास गरी कृषकको आयमा वृद्धि गर्ने,
२. पकेट क्षेत्र विकास गरी कृषिमा विशिष्टीकरण, व्यवसायिकरण र बजारीकरण गर्ने ,

### ३.३.४ सहकारी तथा गरिबी निवारण

१. ससाना बचत परिचालन गरी पुंजी निर्माण गर्ने,
२. सहकारी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने,
३. विषयगत उत्पादन समूहलाई सहकारीमा आवद्ध गराउने,
४. सहकारी संस्थाहरूमा सुशासन कायम गर्ने।

### ३.३.५ उद्योग, वाणिज्य तथा आपूर्ति

१. प्राविधिक ज्ञान र उद्यमशीलताको विकास गर्दै युवा समूहलाई उद्योग क्षेत्रमा आकर्षित गर्ने,
२. प्रतिस्पर्धात्मक क्षमता भएका स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्ने,
३. निजि लगानीलाई आकर्षित गर्दै औद्योगिक उत्पादन तथा व्यापार व्यवसायमा वृद्धि गर्ने,
४. स्थानीय बैङ्क तथा सहकारी लगायतका वित्तीय संस्थाहरूबाट बचत परिचालन गरी उद्यम व्यवसायमा लगानीका लागि पुँजी निर्माण गर्ने ।

### ३.३.६ सम्पदा, संस्कृति तथा पर्यटनः

१. गाउँपालिका तथा वरीपरी क्षेत्रमा रहेका पर्यटकीय स्थलको पहिचान गर्दै पर्यटन पूर्वाधारको विकास गर्ने,
२. पर्यटकको आगमन संख्या र बसाईमा वृद्धि गर्ने ।

### ३.३.७ श्रम तथा रोजगारी

१. रोजगारदाताहरुले रोजगार सेवा केन्द्र मार्फत मात्रै श्रमिकहरु माग गरी काममा लगाउने परिपाटीको विकास गर्ने,

## ३.४ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्यः

| सूचक | एकाई | गत आ वसम्मको बास्तविक | चालु आ वसम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपलब्धि | | | | |
| *कृषि तथा भूमि व्यवस्था* | | | | | | |
| कुल गार्हस्थ उत्पादनमा योगदान | प्रतिशत | २५ | २८ | ३५ | ३७ | ४० |
| पकेट विकास कार्यक्रम | हेक्टर | १४ | १७ | २० | २४ | २८ |
| *वार्षिक कृषि उत्पादन* | *मे.ट.* | ३९२७.८ | ४०२७.८ | ४२५० | ४३१२ | ४४०२ |
| *वार्षिक कृषि उपज संकलन, भण्डारण तथा प्रशोधन केन्द्र स्थापना* | *संख्या* | १ | १ | ४ | ६ | ८ |
| *सिँचाई* | | | | | | |
| सिंचाई योग्य जमिनको तुलनामा सिंचाई हुने जमिन | प्रतिशत | १५ | २५ | ३० | ४० | ५० |
| कुलानाला | संख्या | २० | ४० | ४५ | ५५ | ६० |
| *पशूपन्छी* | | | | | | |
| दुध उत्पादन | दैनिक लि. | | | | | |
| पशु पालन प्रबर्द्धन | संख्या | | | | | |
| भेटेरिनरी औषधि,खोप तथा परजिवी नियन्त्रण कार्यक्रम | संख्या | | | | | |
| पशुपालनमा गोठ सुधार | संख्या | | | | | |
| *सहकारी तथा गरिबी निवारण* | | | | | | |
| सहकारी संख्या | संख्या | ८८ | ८९ | ९० | ९१ | ९२ |
| सहकारीको उत्पादनिशील क्षेत्रमा लगानी | प्रतिशत | १५ | १७ | २० | २५ | ३० |
| *उद्योग वाणिज्य तथा आपूर्ति* | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| रोजगारी सिर्जना | जना | ७४ | ४८ | ७० | ९० | ९५ |
| सीपमूलक तालिम | जना | ६८ | ७३ | ६० | ७५ | ७५ |
| प्राविधिक सीप प्राप्त जनशक्ति | जना | ६८ | ४८ | ६० | ७० | ७० |
| *सम्पदा, संस्कृति तथा पर्यटन* | | | | | | |
| होमस्टेको संख्या | संख्या | २० | २२ | २५ | ३० | ३५ |
| सांस्कृतिक संग्रहालय | संख्या | ० | १ | १ | १ | २ |
| पर्यटकीय गन्तब्य स्थल | संख्या | ४ | ६ | ९ | ११ | १५ |
| *श्रम तथा रोजगारी* | | | | | | |
| रोजगारी प्राप्ती | जना | २५० | २७० | ३०० | ३५० | ४०० |

## ३.५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट श्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वितिय | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आ.व.२०८१/०८२ | २८९८४००० | १६८१०७२० | १२१७३२८० | | ६०४८५०० | ८०१०००० | १४९२५५०० | |
| आ.व.२०८२/८३ | ३१८८२४०० | १८४९१७९२ | १३३९०६०८ | | ६६५३३५० | ८८११००० | १६४१८०५० | |
| आ.व.२०८३/८४ | ३५०७०६४० | २०३४०९७१ | १४७२९६६९ | | ७३१८६८५ | ९६९२१०० | १८०५९८५५ | |

## ३.६ कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | पुष्टियाई | आगामी तीन बर्षको उपलब्ध सूचक |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| *कृषि तथा भूमि व्यवस्था* | | | | | | |
| १ | कृषि प्रबर्द्धन कार्यक्रम | उत्पादनमा बृध्दि रोजगारी श्रृजना | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | ४५००० ० | निणर्य माईन्युट र फोटो | |
| २ | कृषक तालिम तथा क्षमता विकास कार्यक्रम | क्षमता विकास | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | १७००० ० | उपस्थिति माईन्युट र फोटो | कृषकहरुलाई वडास्तरमा वार्षिक रुपमा भ्रमण कार्यक्रम आयोजना भएको। |
| ३ | माटो परिक्षण प्रयोगशाला स्थापना | प्रविधि विकास | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | १२००० ० | ल्यावबाट सेवा प्रारम्भ | माटो परीक्षण सम्बन्धी मिनील्याव स्थापना भएको। |
| ४ | भकारो सुधार कार्यक्रम | प्रविधि विकास तथा हस्तान्तरण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | २५००० ० | फोटो र अवलोकन | १०० जना कृषकले भकारो सुधार कार्यक्रम संचालन गरेका। |
| ५ | पकेट क्षेत्र विस्तार कार्यक्रम | गरिबी निवारण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | ३६००० ० | उपस्थिति माईन्युट र फोटो | १२ वटा पकेट क्षेत्र विस्तार भएको। |
| ६ | कृषि अनुदान कार्यक्रम | गरिबी निवारण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | ८१००० ० | निर्णय सम्झौता कार्यान्वयनका फोटोहरु | ब्यबसायिक कृषि उत्पादन तथा आत्मनिर्भरतामा बृध्दि |
| ७ | साना कोल्डस्टोरेज् निर्माण | क्षति न्यूनिकरण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | १७५०० ० | भौतिक संरचना तयार | कृषकहरुले कृषि उपजहरु लामो समयसम्म संरक्षण गरी राम्रो बजार मूल्यमा विक्री गर्न पाउनेछ। |
| *सिँचाई* | | | | | | |
| १ | आयोजना मर्मत संभार | आयोजना दिगोपना | आ.व. २०८१/८२ देखि २०८३/८४ | | फोटाहरु | सम्पूर्ण आयोजनाहरु संचालनमा नै रहेका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र स्तरोन्नती | कायम राख्ने | सम्म | | | हुनेछन् । |
| *पशुपन्छी* | | | | | | |
| १ | पशुपंक्षी प्रबर्द्धनमा अनुदान वितरण कार्यक्रम | दुध उत्पादनमा बृद्धि गर्ने . | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदन फोटाहरु | दुध उत्पादनमा ४०% ले बृद्धि भएको हुनेछ । |
| २ | भेटेरिनरी औषधि,खोप तथा परजिवी नियन्त्रण कार्यक्रम | पशु धनको सुरक्षा | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | औषधि खोपको विल र जिन्सी प्रतिवेदन | औषधि, भ्याकसिनको अभावको कारण कुनै पनि पशुको मृत्यु भएको हुने छैन । |
| ३ | दुध चिस्यान केन्द्र तथा प्रोशोधन केन्द्र स्थापना तथा सुधार कार्यक्रम | गाउँपालिकामा उत्पादन भएको दुधलाई व्यवस्थित तरिकाबाट बजारिकरण गर्ने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | कार्यक्रम प्रतिवेदन | दुध चिस्यान केन्द्र स्थापना भएको हुनेछ । |
| *सहकारी तथा गरिबी निवारण* | | | | | | |
| १ | सहकारी संस्था अनुगमन तथा नियमन | संस्थागत विकास | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | २ लाख | अनुगमन प्रतिवेदन | सहकारी संस्था व्यवस्थित भएको हुनेछ । |
| *उद्योग, वाणिज्य तथा आपूर्ति* | | | | | | |
| १ | उद्यमशीलता विकास तालिम | उपयुक्त व्यवसायको छनौट गर्ने । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | TOPE ,TOSE खेल अभ्यास | २५० जनालाई उद्यमशीलताको परिक्षण हुनेछ । |
| २ | प्राविधिक सीप विकास तालिम | दक्ष जनशक्ति उत्पादन गर्ने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | तालिम प्रतिवेदन | २५० जनालाई प्रविधिक सीप तालिम दिइनेछ । |
| *सम्पदा, संस्कृति तथा पर्यटन* | | | | | | |
| १ | होमस्टेको स्थापना र | पर्यटकहरुलाई सहज रुपमा | आ.व. २०८१/८२ देखि २०८३/८४ | | होमस्टेहरु संचालन भएको | स्थानीय उत्पादनको बजारिकरणमा बृद्धि |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विस्तार | बसोवासको व्यवस्था मिलाउने र आन्तरिक उत्पादनको ब्राण्डीङ | सम्म | | हुनेछन् । | भएको हुनेछ । |
| २ | सांस्कृतिक संग्रहालय | कला संस्कृतिको जगेर्ना गर्ने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | सांस्कृतिक सूचना केन्द्रको स्थापना | संग्रहालयमा स्थानीय समुदायको मौलिकता झल्किने सामाग्रीहरु राखी पर्यटक भित्राईएको हुनेछ । |
| *श्रम तथा रोजगारी* | | | | | | |
| | रोजगारी सिर्जना | ६०० जना | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | शाखागत प्रतिवेदनहरु | स्थानीय स्तरमा नै रोजगारी प्राप्त गर्ने अवसर मिल्नेछ । |

## ३.७ जोखिम पक्ष तथा अनुमानः

नीति तथा कानुनी व्यवस्था, स्थानीय तह, निजी क्षेत्र तथा वित्तिय क्षेत्रको अर्थपूर्ण सहभागीता, आवश्यक कर्मचारी व्यवस्थापन, संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय लगायत वहुक्षेत्रको सामुहिक सहभागीता र कृषिमा युवाहरुको आकर्षण भएको हुनेछ । सो अनुसारको व्यवस्था हुन नसकेमा अपेक्षाकृत उपलब्धि हाँसील गर्न जोखिमपूर्ण रहने देखिन्छ ।

# परिच्छेद ४

# सामाजिक क्षेत्र

## ४.१ पृष्ठभूमिः

नेपालको संविधानले गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सबैको सहज पहुँच, सामाजिक न्याय र सामाजिक सुरक्षाको यथोचित व्यवस्थापन, स्वस्थ्य तथा सभ्य संस्कृतिको विकास र साँस्कृतिक विविधता कायम राख्दै सम्पदाको संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यले सन् २०३० सम्ममासबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ। गाउँपालिकाको समृद्धीका लागि शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, युवा तथा खेलकुद जस्ता क्षेत्रमा भएका सम्भावना सहित समस्या तथा चूनौतिको विश्लेषण गरिएको छ।

गाउँपालिकामा ६९ वटा सामुदायिक विद्यालयहरु रहेकोमा भौगोलिक विकटताका कारण गाउँपालिकाको शिक्षा क्षेत्रको विकास गर्न अवसर तथा चुनौती दुवै रहेका छन्।गाउँपालिकाले शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाउँदो नीति, शिक्षा ऐन, नियमावली र कार्यविधि बनाईत्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ । गाउँपालिकाले विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवहारिकतथा उत्पादनमुलक/रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गर्ने, शिक्षकहरुकोक्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागुगर्ने, सबै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउनेर प्रत्येक वडामा नमुना व्यावसायिक विद्यालय सञ्चालनगर्ने नीति लिएको छ । गाउँपालिकामा १० शैयाको पालिकास्तरीय अस्पतालको निर्माण भईरहेको छ। प्रत्येक वडामा स्वास्थ्य चौकी मार्फत जनताको आधारभूत स्वास्थ्य उपचार हुँदै आएको छ । महिला, वालवालिका, असक्त तथा बृद्धबृद्धाहरुलाई सामजिक र आर्थिक रुपमा सक्षम बनाउन गाउँपालिकाले रणनीतिक योजना बनाई अगाडी वढ्नुपर्ने देखिन्छ। गाउँपालिकाको सबै जनतामा स्वच्छ खानेपानीको पहुँच पुर्याउन एक घर एक धाराको रणनीति वनाई कार्यान्वयनमा ल्याईएको छ । वर्तमान अवस्थामा युवाहरु विदेश पलायन हुने क्रम धेरै वढीरहेको छ । गाउँपालिकामा नै उत्पादनमूलक उद्योग र अन्य व्यवसाय मैत्री वातावरण वनाई युवालाई स्वरोजगार वनाउन गाउँपालिका प्रतिवद्ध भई अगाडी बढीरहेको छ।

## ४.२ समस्या तथा चुनौती

गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको विकास र विस्तारमा धेरै समस्या र चुनौती रहेका छन। भौगोलिक विकटता, शिक्षक दरबन्दीको असमान वितरण, बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, सामुदायिक विद्यालयमा विद्यार्थी संख्याको कमि, व्यवसायिक शिक्षाको कमी, भवन तथा शैक्षिक पूर्वाधार तथा अतिरिक्त क्रियाकलापको कमी, बाल, महिला र अपाङ्गमैत्री विद्यालयको कमीजस्ता धेरै समस्याहरु रहेका छन। आधारभूत स्वास्थ्य सेवामा पहुँचको कमी, नसर्ने रोग र मानसिक रोग बढ्दै जानु खोप क्लिनिक तथा गाँउघर क्लिनिक भवन नहुनु स्वास्थ्य चेतनाको अभाव,

आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सुविधाको यथिचित व्यवस्थापन नहुँदा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न समेत कठीनाई भएको छ । गाउँपालिका रहेका पिछडिएका वर्ग, महिला, वालवालिकाहरुलाई सामाजिक मूलधारमा समावेश गराउन धेरै प्रयास गरीएता पनि भौगोलिक विकटता, चेतनाको कमी र प्रविधिको पहुँच नहुनाले सोचेअनुरुपको नतिजा हाँसिल गर्न सकिएको छैन । एक घर एक धारा को नारालाई समय सापेक्ष वनाउन कार्य भईरहेकोमा प्राकृतिक विपद् तथा संरक्षणको कमीले दिर्घकालिन रुपमा खानेपानीको व्यवस्थापन गर्न सकिएको छैन । युवा केन्द्रित सिपमूलक तालिम संचालन गरी युवालाई उद्यमी वनाउने सोचा साथ गाउँपालिका अघि बढेपनि युवाहरुको विदेश पलायन हुने क्रम बढीरहेको छ । युवा पलायन हुने क्रम बढ्न नदिनु, प्रत्येक वर्ष विद्यार्थी भर्ना दर बढाउनु, स्वास्थ्य सेवामा जनताको पहुँच बढाउनु, स्वच्छ खानेपानीको सवैमा पहुँच पुर्याउनु नै री गाउँपालिकाको चुनौती रहेको छ ।

## ४.३ उद्देश्य

१) गुणस्तरीय तथा सीपमूलक् शिक्षाको विकास गर्दै शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ,
२) आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा समतामूलक पहुँच सनिश्चित गर्नु,
३) गाउँपालिकाको विकासमा युवा परिचालन गर्नु,
४) बन्चितिमा परेका लिङ्ग , वर्ग र समुदायको आर्थिक, सामाजिक विकासमा समतामूलक पहुँच सनिश्चित गर्नु,
५) सवै घरधुरीमा स्वच्छ खानेपानी तथा सरसफाइको सनिश्चित गर्नु ।

## ४.४ रणनीतिः

### ४.४.१ स्वास्थ्य तथा पोषण

१. सबैवडामा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने,
२. गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने,
३. बैकल्पिक स्वास्थ्य सेवालाई स्वास्थ्य सेवामा एकिकृत गर्ने,
४. स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्द्र्धनात्मक सचेतना अभिवृद्धि गर्ने,
५. बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा घनिष्ठ रूपमा आवद्ध गर्ने ।

### ४.४.२ शिक्षा, विज्ञान तथा प्रविधि

१. झिकाउ, टिकाउ र विकाउको नीति अवलम्वन गर्ने,
२. शैक्षिक गुणस्तरमा सुधार गर्ने,
३. गुणस्तरीय, प्राविधिक तथा व्यवसाहिक एवं विशेष शिक्षाको विकास र विस्तार गर्ने,
४. अनौपचारिक शिक्षाको विस्तार गर्दै औपचारिक, व्यवसायिक एवं विद्युतीय शिक्षामा आवद्ध गर्ने ।

### ४.४.३ खानेपानी तथा सरसफाइ

१. गुणस्तरीय खानेपानी वितरण गर्ने,
२. सरसफाई सम्बन्धी उचित व्यवस्था गर्ने ।

### ४.४.४ युवा, खेलकुद तथा नवप्रवर्तन

१. युवा जनशक्तिको सीप तथा क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने,
२. खेलकुद तथा सामाजिक कार्यमा युवा संलग्नता अभिवृद्धि गर्ने।

### ४.४.५ महिला बालबालिका तथा समाज कल्याण

१. वञ्चितीमा परेका लिङ्ग, वर्ग र समुदायको क्षमता विकास गरी सशक्तिकरण गर्ने,
२. विकासका अवसरहरूमा समतामूलक सहभागिता सुनिश्चितता गर्ने,
३. कमजोर, अशक्त, अपाङ्गता भएका व्यक्तिको संरक्षण तथा सामाजिक संरक्षणको व्यवस्था गर्ने,

## ४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व.को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| *शिक्षा, विज्ञान तथा प्रविधि* | | | | | | |
| प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर | प्रतिशत | ८०.९ | ८१ | ८२ | ८३ | ८४ |
| पूर्व प्राथमिक तहको अनुभव भएका कक्षा १ मा नवप्रवेशीको प्रतिशत | प्रतिशत | ९१.८ | ९२ | ९३ | ९४ | ९५ |
| **कुल भर्नादर** | प्रतिशत | ८०.९ | ८०.९ | ८१.९ | ८२ | ८३ |
| **खुद भर्नादर** | प्रतिशत | ७५.२ | ७५.२ | ७६.२ | ७७.२ | ७८.२ |
| **टिकाउ दर** | प्रतिशत | ८८.८ | ८९.१ | ९० | ९०.५ | ९१ |
| **१-५** | | ८३.६ | ८४ | ८५ | ८५.५ | ८६ |
| **६-८** | | ८८.७ | ८९ | ९० | ९०.५ | ९१ |
| **९-१२** | | ९४.२ | ९४.५ | ९५ | ९५.५ | ९६ |
| साक्षरता दर | प्रतिशत | ६९.४ | ६९.५ | ७० | ७०.५ | ७१ |
| कम्प्युटरको पहुँच भएका विद्यालय | संख्या | ६४ | ६४ | ६४ | ६४ | ६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इन्टरनेट सुविधा पुगेको विद्यालय | | १८ | ६० | ६४ | ६५ | ६७ |
| प्राविधिक विद्यालय | | २ | २ | २ | २ | २ |
| माध्यमिक तहमा प्राविधिक विषयको अध्ययन गर्ने विद्यार्थी | प्रतिशत | ८३ | ८२ | ९० | ९५ | १०० |
| विद्यालय बाहिर रहेका विद्यार्थी संख्या | | ० | ० | ० | ० | ० |
| MGML लागु भएका विद्यालय | | २ | २ | ३ | ४ | ५ |
| तालिम प्राप्त शिक्षक | | ४१ | ४११ | ४११ | ४११ | ४११ |
| **कक्षा दोहोर्याउने दर** | | ५.५ | ५.५ | ५ | ४.५ | ४ |
| छात्र छात्राका लागि अलग अलग शौचालय भएका विद्यालय | | ६० | ६१ | ६२ | ६३ | ६४ |
| विद्यालय पक्की भवन | | १९ | १९ | २० | २० | २० |
| स्वच्छ पिउने पानी भएका विद्यालय | | ५० | ५० | ५१ | ५२ | ५३ |
| सामुदायिक सिकाइ केन्द्र | | ५ | ५ | ५ | ५ | ५ |
| वालविकास केन्द्र भएका विद्यालय | | ६० | ६१ | ६२ | ६३ | ६४ |
| वालमैत्री शिक्षण सिकाइ हुने विद्यालय | | ६७ | ६७ | ६७ | ६७ | ६७ |
| खेल मैदान भएका विद्यालय | | १ | १ | २ | २ | ४ |
| विद्यालयमा घेराबारको व्यवस्था | | ३२ | ३३ | ३४ | ३५ | ३६ |
| शिक्षक दरबन्दी अनुसार शिक्षकको उपलब्धता | | १००% | १००% | १००% | १००% | १००% |
| मातृभाषामा आधारभूत शिक्षाको उपलब्धता | प्रतिशत | २५ | २५ | २५ | २५ | २५ |
| *स्वास्थ्य तथा पोषण* | | | | | | |
| संस्थागत सुत्केरी | प्रतिशत | २४ | २७ | ३० | ३५ | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूर्ण खोप | प्रतिशत | ७६ | ९३ | ९५ | ९५ | १०० |
| स्वास्थ्य बीमामा आवद्धता | परिवार | १७८० | १८८४ | २५०० | २६०० | २७०० |
| किशोरी अवस्थाको प्रजनन | प्रतिशत | १४ | १४ | १२ | १० | ५ |
| पहिचान भएका क्षयरोग मध्ये उपचार सफलता दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| टि.डि.खोप पाएका महिला | प्रतिशत | ४० | ४३ | ४५ | ५० | ५५ |
| वृद्धि अनुगमन | पटक | ५ | ९ | १० | १५ | १८ |
| प.नि.को साधन प्रयोग दर | प्रतिशत | २९ | ३७ | ४० | ४२ | ४४ |
| *युवा खेलकुद तथा नवप्रवर्तन* | | | | | | |
| वैदेशिक रोजगारीमा गएका युवा | प्रतिशत | ९ | ८ | ७ | ६ | ५ |
| युवा संजाल | संख्या | १ | २ | ४ | ७ | १० |
| खेल मैदान | संख्या | २ | २ | ३ | ३ | ४ |
| खेलकुद प्रतियोगिता | पटक | १ | २ | २ | ३ | ४ |
| *महिला, बालबालिका तथा समाज कल्याण* | | | | | | |
| महिला सीप विकास तथा आयआर्जन | जना | १५ | – | ० | ३० | ५० |
| विभिन्न शिविर सञ्चालन | जना | – | १७४ | २०० | २४० | २५० |
| किशोरकिशोरी जीवन उपयोगी सिप | जना | | | | | |
| बाल मैत्री स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम। | जना | – | ६० | – | ७० | ७५ |
| श्रवण कुमार सम्मान पुरस्कार कार्यक्रम। | जना | २४ | २४ | २४ | २४ | २४ |
| दलित सीप विकास कार्यक्रम। | जना | १६० | १०२ | ११० | ११५ | १२० |

## ४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक बर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वितीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आ.व.२०८१/०८२ | ३९४३०२७६९ | ३४३०४३४०९ | ५१२५९३६० | | ३५४६३५०० | ३२२१८९७६९ | १६६५९५०० | |
| आ.व.२०८२/०८३ | ४३३७३३०४६ | ३७७३४७७५० | ५६३८५२९६ | | ३९००९८५० | ३५४४०८७४६ | १८३२५४५० | |
| आ.व.२०३/०८४ | ४७७१०६३५० | ४१५०८२५२५ | ६२०२३८२६ | | ४२९१०८३५ | ३८९८४९६२० | २०१५७९९५ | |

## ४.७ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

| सि. नं. | उपक्षेत्र/कार्यक्रम आयोजना | उद्देश्य | अवधि( शुरु र समाप्ति) | कुल लागत | पुष्ट्याई | आगामी तीन बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ***शिक्षा*** | | | | | | |
| १ | गुणस्तर शिक्षा (ICT) प्रवर्द्धन कार्यक्रम | प्रविधिमैत्री शिक्षण सिकाइमा सहयोग पुर्याउने। | आ.व. २०८१/८२ देखि २०८३/८४ | | अवलोकन, फोटो, प्रतिवेदन | ३ वर्षको अवधिमा ७२ वटै विद्यालयहरुमा कम्प्युटरको पहुँच पुगेको हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्म | | | |
| २ | क्षमता विकास तालिम | शिक्षकको व्यक्तिगत क्षमता विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने। | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | सबै तह र विद्यालयहरुमा तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुने। |
| ३ | विज्ञान प्रयोगशाला निर्माण | शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने। | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना भएको हुने। |
| ४ | शुन्य वा न्युन दरबन्दी भएका विद्यालयमा शिक्षण अनुदान | शैक्षिक जनशक्तिको विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने। | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | सबै विद्यालय र विद्यार्थी संख्या र तहका आधारमा न्युनतम शिक्षकको व्यवस्था भएको हुने। |
| ५ | टुहुरा तथा विपन्न तथा विभिन्न छात्रवृत्ती वितरण | विद्यार्थीको विद्यालयमा पहुँच अभिवृद्धि गर्दै अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति हुने। | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | आर्थिक तथा विपन्न विद्यार्थीहरुलाई विभिन्न छात्रवृत्तिको व्यवस्था गरी शैक्षिक पहुँचको अभिवृद्धि भएको हुने साथै विद्यालय छोड्ने दर र विद्यालयबाहिर रहेका विद्यार्थी शुन्यमा झारेको हुने। |
| ६ | शिक्षक/विद्यार्थी/ विद्यालय पुरस्कार | विद्यार्थी तथा शिक्षकमा उत्प्रेरणाको | आ.व. २०८१/८२ देखि | | अवलोकन, फोटो, प्रतिवेदन | प्रत्येक वर्ष उत्कृष्ट नतिजा ल्याउने कम्तिमा ३ जना विद्यार्थी तथा १ जना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विकास भई शैक्षिक गुणस्तरमा सहयोग पुर्याउने । | २०८३/८४ सम्म | | | शिक्षकलाई प्रोत्साहन तथा पुरस्कृत गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि पुगेको हुने । |
| ७ | प्राविधिक विद्यालय संचालन | उत्पादनमुलक तथा प्राविधिक जनशक्तिको विकास हुने । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | गाउँपालिका अन्तर्गत कम्तिमा ३ वटा प्राविधिक धारको विद्यालयहरु संचालन भएको हुने । |
| ८ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | विद्यालयको भौतिक तथा शैक्षिक विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुर्याउने । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन, फोटो, प्रतिवेदन | विद्यालयको आवश्यकता पहिचान गरी आधारभूत शैक्षिक तथा भौतिक पुर्वाधारको व्यवस्थापन गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुगेको हुने । |
| *स्वास्थ्य तथा पोषण* | | | | | | |
| १ | सुरक्षित मातृत्व | १.मातृ तथा नवशिशु मृत्यु दर कम गराउने,<br>२.वर्थिङ अ.न.मी व्यवस्थापन गर्ने<br>३. वर्थिङ सेन्टर थप गर्ने<br>४. ग्रमिण भिडियो एक्सरे कार्यक्रम विस्तार तथा घुम्ति सेवा संचालन<br>५. निःशुल्क एम्बुलेनस सेवा<br>६. तालिमको | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १ सहज रुपमा गुणस्तरिय सेवा प्राप्त भई .मातृ तथा नवशिशु मृत्यु दर कम भएको हुने । | १.वर्थिङ सेन्टर १ थप<br>२. प्रति वर्थिङ सेन्टर थप अ.न.मी १<br>३. ग्रमिण भिडियो एक्सरे १ संस्थामा थप<br>४. निःशुल्क गर्भपतन सेवा १ संस्थामा विस्तार<br>५. संस्थागत सुत्केरी ८० प्रतिशत पुर्याउने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | व्यवस्थापन<br>७. प्रेषण<br>८. निःशुल्क गर्भपतन सेवा | | | |
| २ | किशोर किशोरी तथा प.नि. | १.किशोर किशोरी मैत्री स्वास्थ्य संस्था थप<br>२. लामो अवधिका प.नि.का साधान अपनाउने संख्यामा विस्तार गर्ने<br>३. तालिम | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १. किशोर किशोरी अवस्थामा प्रजनन स्वास्थ्य सम्बन्धित ज्ञान प्राप्त भई भविष्यमा हुने जाने जोखिम न्युनिकरणका साथै मानसिक स्वास्थ्यमा सबल भएको हुने<br>२. सेवा प्रदान गर्न दक्ष स्वास्थ्यकर्मी व्यवस्था। | १.किशोर किशोरी मैत्री स्वास्थ्य संस्था २ थप<br>२. लामो अवधिका प.नि.का साधान उपलब्ध हुने संस्था ३ थप |
| ३ | खोप कार्यक्रम | १.नियमित खोप कार्यक्रम संचालन र दिगोपनाको लागि सुक्ष्म योजना बनाउने<br>२.पूर्ण खोप सुनिश्चितता गापा निरन्तरता | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.खोप लगाउने बच्चाको खोजी गरि सबैलाई लगाउनु पर्ने खोप पूर्ण मात्रामा लगाउन | १.पूर्ण खोप लगाउने ९० प्रतिशत पुग्ने |
| ४ | पोषण कार्यक्रम | १.कुपोषण दर घटाई पोषण संग सम्बन्धित विरामी दर तथा मृत्यु दर घटाउने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.स्वास्थ्य दक्ष र उत्पादन जनशक्ति उत्पादन भएको हुने | १.पोषण मैत्री स्वास्थ्य संस्था २<br>२. भिटामिन ए तथा जुकाको औषधी ९० प्रतिशत भन्दा माथि पाएको हुने<br>३. औषत बृद्धी अनुगमन १५ पटक पुर्याउने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वास्थ्य बीमा | १.उपचारमा सहज पहुँच | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.स्वास्थ्य उपचारमा सहज पहुँच भई नागरिक स्वस्थ हुने तथा आर्थिक विकास हुने | १. ५००० परिवारमा बीमा गर्ने |
| ६ | क्षयरोग कार्यक्रम | १.क्षयरोगको नियन्त्रण तथा सेवा प्रवाह | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १. क्षयरोगको नियन्त्रण भई स्वस्थ समाज निर्माण | १. क्षयरोगको पत्ता लगाउने दर ८० प्रतिशत पुर्याउने<br>२. उपचार सफलता दर १०० प्रतिशत पुर्याउने |
| ७ | उपचारात्मक कार्यक्रम | १.औषधी/उपकरण निरन्तर उपलब्ध गराउने<br>२. जनशक्ति व्यवस्थापन<br>३. टेली मेडिसिन विस्तार | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.जनशक्ति औषधी/उपकरणको व्यवस्था भई उपचारमा सहजता | सबै नागरिकको लागि निःशुल्क तथा गुणस्तरिय औषधीको उपलब्धतामा बृद्धी भएको हुने। |
| ८ | विपद् व्यवस्थापन स्वास्थ्य | १.प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्व तयारीलाई शसक्त बनाई कार्यन्वयन गर्ने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.विपद्को अवस्थामा स्वास्थ्य संग सम्बन्धी सेवाहरु उपलब्ध हुने | विपद् व्यवस्थापको स |
| ९ | स्वास्थ्य शिक्षा कार्यक्रम | १.स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्नु (समुदय स्तर विद्यालय र आमा समुह) | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | १.सबै नागरिकमा स्वास्थ्य संग सम्बन्धित ज्ञान भएको हुनु | १. |
| *खानेपानी तथा सरसफाइ* | | | | | | |
| १ | शौचालय निर्माण | सरसफाइ गर्ने | आ.व. | | शाखागत | खुला स्थानमा दिशा पिसाव |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदनहरु | नभएको हुनेछ । |
| २ | खानेपानी मुहान संरक्षण | स्वच्छ खानेपानीको आपुर्ति | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | वार्षिक प्रतिवेनहरु | स्वच्छ खानेपानी प्राप्त भएको हुनेछ । |
| ३ | एक घर एक धारा एक चर्पि | पूर्ण सरसफाइयुक्त गाउँपालिका । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | शाखागत प्रतिवेनहरु | हरेक घरमा सेप्टीट्याङ्की सहितको चर्पि निर्माण भएको हुनेछ । |
| *युवा, खेलकुद तथा नवप्रवर्तन* | | | | | | |
| | युवा  क्लव गठन | युवालाई संगठीत गरी रचनात्मक कार्यप्रति अग्रसर बनाउने । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | युवा क्लब गठन माइनुट । | विकास निर्माण लगायत हरेक क्षेत्रमा युवाको प्रतिनिधित्व भएको हुनेछ । |
| | खेलमैदान निर्माण | खेलकुद गतिविधि चलायमान बनाउने । | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्राविधिक प्रतिवेदन | खेलमैदानमा खेलकुद प्रतियोगीता संचालन भएको हुनेछ । |
| *महिला वालबालिका तथा समाज कल्याण* | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | महिला उत्थान कार्यक्रम। | महिलाहरुलाई हरेक क्षेत्रमा सक्रिय सहभागी गराउने। | २०८१/ ०८२ | २०८३/ ०८४ | ६,५०,०००। | प्रतिवेदन,कार्यक्रम माइन्युट,फोटो आदि |
| २ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | जेष्ठ नागरिकको संरक्षण र राम्रो स्याहारसुसार साथै आवश्यक सामाग्री वितरण गर्ने। | २०८१/ ०८२ | २०८३/ ०८४ | ६,००,०००। | प्रतिवेदन,कार्यक्रम माइन्युट,फोटो आदि |
| ३ | बालश्रम उन्मुलन कार्यक्रम | बालबालिकाहरु लाई जोखिमपूर्ण श्रममा सहभागी नगराउने। | २०८१/ ०८२ | २०८३/ ०८४ | ५,००,०००। | प्रतिवेदन,कार्यक्रम माइन्युट,फोटो आदि |
| ४ | अपांगता लक्षित कार्यक्रम | अपांगताभएकाव्यक्तिहरुको संरक्षणमा सहयोग पुर्याउने। | २०८१/ ०८२ | २०८३/ ०८४ | ७,००,०००। | रोशीको३स्थानमा१८वर्षमुनिका बालबालिकाहरुलाईस्वास्थ्यशिविरतथासहायकसामाग्रीवितरण गर्ने। |

## ४.८ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश र स्थानीय सरकार, सरोकारवाला निकाय, अन्तराष्ट्रिय, राष्ट्रिय तथा गैरसरकारी एवं समुदायमा आधारित संस्थाहरुबीच समन्वय, सहकार्य, साझेदारी गरि उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरि प्रस्तावित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धि हाँसील हुने अनुमान गरिएको छ । संघीय संरचना अनुसार तर्जुमा हुनुपर्ने नीति, नियम, कानुन, निर्देशिका, मापदण्ड संस्थागत रुपमा तयार हुन नसकेमा वा समयमा तयार नभएमा प्रसतावित कार्यक्रमहरुको कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धि हाँसील हुन नसक्ने जोखिम रहन्छ ।

# परिच्छेद ५

# पूर्वाधार क्षेत्र

## ५.१ पृष्ठभूमि

संघीयताको कार्यान्वयनसँगै भौतिक पूर्वाधार क्षेत्र अर्थतन्त्रको थप महत्वपूर्ण मेरुदण्ड बनेको छ । गाउँपालिका भित्रका र विभिन्न स्थानीय तहहरु बीचको अन्तर सम्बन्धमा केन्द्रित हुने उर्जा, वैकल्पिक सडक संजाल विस्तार, खानेपानी , सिंचाई, आवास तथा सहरी विकास तथा जलउत्पन्न प्रकोप व्यवस्थापन जस्ता पूर्वाधारहरुको निर्माण गर्नुका साथै सुविधा सम्पन्न प्रशासनिक संरचनाहरु स्थापना गर्नुपर्ने भएको छ। यसको लागि पूर्वाधारमा ठूलो मात्रामा लगानी गरी योजनाबद्ध ढंगले कार्य गर्नु आवश्यक छ। साथै लगानी उच्चतम व्यवस्था गरी उच्चतम उपलब्धीको सुनिश्चिता गर्दै स्थानीय तहको केन्द्रलाई आर्थिक क्रियाकलापमा अभिबृद्धि गर्न गाउँपालिका सँग जोड्ने सबै वस्तीमा यातायात, खानेपानी र विद्युत सुविधा उपलब्ध गराउने,कृषियोग्य भूमिमा सिँचाई सुविधा पुर्याउने, अत्याधुनिक भवन, खेल मैदान निर्माण गर्ने, सांस्कृतिक संग्राहलय, औद्योगिक ग्राम निर्माणमा केन्द्रि रही आर्थिक गतिविधि र रोजगार बृद्धि गर्नु उत्तिकै आवश्यक देखिन्छ। गाउँपालिकाको समग्र विकासकालागि जति नागरिक र सामाजिक सम्पर्कका माध्यमहरु सघन हुन सक्छन उति नै विकासको गतिले तिव्रता लिन्छ। आर्थिक र सामाजिक सम्पर्क सघन पार्ने माध्यममा सडक यातायात महत्वपूर्ण मानिन्छ । सडक यातायातको विकासले उत्पादन र उत्पादकत्व बृद्धि गर्न स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरीबि न्यूनिकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्याउन उल्लेखनीय योगदान गर्ने भएकाले सडकलाई विकासको वाहक नै मानिन्छ। मानवीय सम्पर्कका सहयोगी माध्यम सडक संजाल अन्तर्गत सवारी गुड्ने सडक मात्र नभएर पदमार्ग, मोटरेबल पुल तथा झोलुङ्गेपुल समेतले बाह्रै महिना आवतजावतको प्रत्याभुति गराउँदछ। रोशी गाउँपालिकाका करिव सबै वस्तीमा लगभग ५० प्रतिशत घर परिवारले सडक सुविधा उपभोग गर्दै आएको देखिन्छ। बाँकी ५० प्रतिशत परिवार भने ठुला सडक सुविधाबाट वञ्चित छन्। तर ठुला सडक सुविधा नभएता पनि ती घरपरिवारलाई आफ्नो घरसम्म जान गोरेटो बाटाहरु उपलब्ध छन्। दुर्गम गाउँवस्तीमा पहुँच पुर्याउन झोलुङ्गे पुलको योगदान महत्वपूर्ण रहेको हुन्छ । यातायात पूर्वाधारको बढ्दो माग र आवश्यकतालाई मध्यनजर गरी अध्ययन अनुसन्धान मार्फत दिगो विकास र व्यवस्थापन गर्दै लैजानु पर्ने आवश्यकता रहेको छ। गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडक लगायत अन्य शाखा सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी साधन चल्ने बनाउने कार्य चालु आ.व. मा सकिएको । राजमार्गबाट गाउँपालिकाको केन्द्र जोड्ने सडक गा.पा. कै पूँजीगत खर्चबाट स्तरोन्नती गरी कालोपत्रे गर्ने कार्य सकिएको छ। त्यसै गरी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको केन्द्रदेखि वडा नं ७, ५, ४, ३, २ हुँदै वडा नं. १ खहरेपाँगु सम्मको बहुप्रतिक्षित सडकको स्तरोन्नती गरी कालोपत्रे तथा ग्रावेल गर्ने कार्यको थालनी भएको छ।

## ५.२ चुनौती तथा अवसर

वित्तिय श्रोतको व्यवस्थापन प्रभावकारी बनाई पूर्वाधार विकासको बढ्दो माग र आवश्यकतालाई व्यवस्थापन गर्नु, पूर्वाधार कार्यक्रमलाई गुरुयोजना मार्फत प्राथमिकतामा राखी कार्यान्वयनमा लैजानु, आयोजना निर्माणलाई गुणस्तरीय बनाउनु,

विभिन्न आयोजनाहरुलाई अन्तरसम्बन्धित निकायवीच समन्वय गरी समयमा नै सम्पन्न गर्न सक्नु, निर्माण भएका संरचनाहरुको मर्मत सम्भार र उचित संरक्षणका लागि श्रोत साधनको पर्याप्त व्यवस्था गर्नु, छरिएर रहेका वस्तीहरुमा सडक विस्तार गर्नु, नीजि क्षेत्रको क्षमता, सम्भावना तथा लगानी आकर्षण गर्नु, बढ्दो सवारी दुर्घटनालाई न्युनिकरण गर्दै सडक सुरक्षा कायम गर्नु, राष्ट्रिय भवन संहिताको पालना गरी सबै प्रकारका भवन सुरक्षित तवरले निर्माण गर्नु, अव्यवस्थित वस्ती भएको स्थानमा आधारभुत सेवा पुर्याउनु, टेलिफोन टावरको क्षमता बृद्धि गरी सबै वस्तीका सबै नागरिकमा इन्टरनेटको पहुँच बढाउनु प्रमुख चुनौती रहेका छन्।

## ५.३ उद्देश्य

१) गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्रसम्म जाने सडकहरुलाई सर्वयाम सडक संजाल विस्तार गर्ने।
२) निर्मित सडकहरुलाई स्तरोन्नती गरी सर्वयाम बनाउने।
३) सुरक्षित तथा व्यवस्थित वस्ती विकास तथा आवास निर्माण गर्ने।
४) सबै घर परिवारमा आवश्यक्ता अनुसार पर्याप्त विद्युत सेवा नियमित रुपमा उपलब्ध गराउने।
५) गुणस्तरीय सूचना तथा संचार सेवामा नागरीको पहुँच विस्तार गर्ने।

## ५.४ रणनीति:

### ५.४.१ भवन, आवास बस्ती तथा शहरी विकास:

१. एकिकृत तथा सुरक्षित वस्तीको विकास गर्ने।
२. भवन संहिताको कार्यान्वयन गर्ने।
३. क्षतिग्रस्त आवास तथा भवनहरूको पुनर्निर्माण गर्ने

### ५.४.२ सूचना तथा सञ्चार

४. सूचना तथा सञ्चारको पहुँच विस्तार गर्ने,
५. सूचना प्रविधिमा आधारित सेवा प्रणालीको विकास गर्ने।

### ५.४.३ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

१. भरपर्दो र विश्वसनीय विद्युत सेवाको पहुँच विस्तार गर्ने,
२. बैंकल्पिक उर्जाको विकास र विस्तार गर्ने।

### ५.४.४ सडक, पुल तथा यातायात व्यवस्था

१. गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्रसम्म नियमित यातायात सञ्चालन हुने गरी सर्वयाम सडक बनाउने,
२. निर्मित सडकको स्तरोन्नती र नियमित मर्मत सम्भार गर्ने,
३. यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने तथा गाउँपालिकाका भित्री सडकमा सवारी सञ्चालन अनुमति प्रदान तथा नियमन गर्ने,
४. विपद् प्रभावित सडक खण्डहरूको पुनर्निर्माण गर्ने।

## ५.५ विषय क्षेत्रगत नतिजा सूचक:

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/ ०८३ | २०८३/ ०८४ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ***भवन आवास, वस्ती तथा सहरी विकास:*** | | | | | | |
| मापदण्ड बमोजिम नीजि आवास | सख्या | २८ | ३५ | ४५ | ६० | १०० |
| मापदण्ड अनुसार निर्मित सार्वजनिक भवन | संख्या | २६ | ३० | ४० | ५० | ६५ |
| ***सूचना तथा सञ्चार*** | | | | | | |
| संचारका कम्तिमा एक साधन प्रयोग गर्ने परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेट प्रयोग गर्ने परिवार | प्रतिशत | ८% | १५% | २०% | ३०% | ५०% |
| ***जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा*** | | | | | | |
| स्थानीय विद्युत उत्पादन | कि.वा | | १०० | १०० | १०० | १०० |
| सुधारिएको धुवां रहित चुलो जडान गर्ने परिवार | संख्या | | २०० | २५० | ४०० | ६०० |
| ***सडक, पुल तथा यातायात व्यवस्था*** | | | | | | |
| बढिमा आधा घण्टाको दुरिमा सडक यातायातमा पहुंच भएको जनसंख्या | प्रतिशत | ९० | ९६ | १०० | १०० | १०० |
| सर्वयाम वडा देखि गा पासम्म गाडि गुडने बाटो भएको वडा | संख्या | १२ | १२ | १२ | १२ | १२ |
| कालोपत्रे सडक | कि.मि | १.१ | १.१ | २.१ | ७ | १० |
| धुले सडक | कि.मि | ५८५ | ५९३ | ६०० | ६०८ | ६२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पक्की पुल | संख्या | ० | ० | १ | १ | १ |
| झोलुङ्गेपुल | संख्या | १० | ११ | १२ | १३ | १४ |

## ५.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान:

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आ.व.२०१/०८२ | १३४७५१२८२ | २०२१२६९ | १३२७३००१३ | | ९०००००० | ४८७५१२८२ | २७०००००० | |
| आ.व.२०२/०८३ | १४८२२६४१० | २२२३३९६ | १४६००३०१४ | | ९९००००० | ५३६२६४१० | २९७००००० | |
| आ.व.२०८३/०८४ | १६३०४९०५१ | २४४५७३६ | १६०६०३३१५ | | १०८९०००० | ५८९८९०५१ | ३२६७०००० | |

## ५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण:

| **क्र.सं.** | **उपक्षेत्र/कार्यक्रम/आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत** | **पुष्ट्याइँ** | **आगामी तीन वर्षको उपलब्धि सूचक** |
|---|---|---|---|---|---|---|
| *भवन, आवास, बस्ती तथा सहरी विकास* | | | | | | |
| १ | भू-उपयोग योजना | भू-वर्गिकरण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | योजना दस्ताबेज | भू-वर्गिकरण भई सोही अनुरुप कार्यान्वयन भएको हुने । |
| २ | भवन मापदण्ड | व्यवस्थित बस्ती विकास | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | दस्तावेज | भवन निर्माण दस्तावेज बमोजिम भवन निर्माण भएको हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जोखिम नक्साङ्कन | जोखिम पहिचान गर्ने | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदन | जोखिम कम भएको हुनेछ। |
| ४ | पालिका भवन | गाउँपालिकाको प्रशासनिक कार्य सहज रुपमा संचालन गर्ने। | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | भवन अभिलेख | गाउँपालिकाबाट सहज रुपमा सेवा प्रवाह भएको हुनेछ। |
| *सूचना तथा सञ्चार* | | | | | | |
| १ | सवै सरकारी कार्यालयहरुमा ईन्टरनेटको पहुँच। | सेवा प्रवाहमा सहजता | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | ईन्टरनेट जडानको प्रतिवेदन | सवै कार्यहरु अनलाईनको माध्यमबाट सहज रुपमा जनताले सेवा प्राप्त गरेका हुनेछन। |
| २ | विद्यालयमा कम्प्युटर तथा प्रविधि हस्ताण्तरण । | प्रविधि मैत्री सिकाइ | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | हस्तान्तरण फारम जिन्सी दाखिला | सवै विद्यालयहरुमा कम्प्युटर प्रविधिबाट सिकाइ भएको हुनेछ। |
| *जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा* | | | | | | |
| १ | वैकल्पिक उर्जा | विद्युतको वैकल्पिक व्यवस्था | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अनुगमन प्रतिवेदन | राष्ट्रिय प्रशारण नभएको स्थानमा समेत विद्युतको पहुँच पगेको हुनेछ। |
| *सडक, पुल तथा यातायात व्यवस्था* | | | | | | |
| १ | पक्की सडक निर्माणं(चौकीडाँडा खहरेपाँगु सडक, चारसयबेशी खार्पाचोक सडक, मंगलटार रजवास महाभारत सडक) | सहज आवतजावत | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अनुगमन प्रतिवेदन, फोटो | पक्की सडक निर्माण भई सहज रुपमा यातायात संचालन भएको हुनेछ। |
| २ | ग्राबेल सडक ( कालढुङ्गा जुकेपानी सडक, माम्ति हर्कपुर | सर्वयाम सडक यातायात संचालन | आ.व. २०८१/८२ देखि २०८३/८४ | | फोटो, अनुगमन | सवै ग्रावेल सडकमा सर्वयाम यातायात |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिखरपुर सडक, आदी) | | सम्म | | प्रतिवेदन | संचालन भएको हुनेछ। |
| **३** | पक्की पुल/झोलुङ्गे पुल | बस्ती बस्ती बीच सहज पहुँच | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदन, फोटो | झोलिङ्गे पुल संचालन भई खोला भित्रबाट पैदल यात्रा गर्ने कार्य बन्द भएको हुनेछ। |

## ५.८ जोखिम पक्ष तथा अनुमान

नीति तथा कानुनी व्यवस्था, कार्याक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्था, सरोकारवाला निकायहरुबीचको समन्वय र सहभागीता, आयोजनाका निम्ती जग्गा प्राप्ती विपद् व्यवस्थापन लगायतका विषय अनुकुल हुने अनुमान गरिएको छ। सो हुन नसकेमा अपेक्षित उपलब्धि हाँसील हुन नसक्ने जोखिम रहेको छ।

# परिच्छेद ६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । उल्लेखित संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, र राष्ट्रिय जल वायु परिवर्तन नीति २०७६ र वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन । उपरोक्त नीति तथा कानुनको उद्देश्य स्वच्छ र स्वास्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न वातावरणीय प्रदुषणबाट हुने क्षति वापत पिडितलाई प्रदुषणबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास वीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनिकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामना गर्ने रहेको छ ।

विपद जोखिम न्यूनिकरण राष्ट्रिय नीति २०७५ ले लिएको मूल उद्देश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद उत्थानशील स्थानीय तह निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दिर्घकालिन सोच र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षेत उल्लेख्य रुपमा कम गर्ने मूल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि अनुसार बजेट सुनिस्चितता गर्नुपर्ने आवश्यकता रहेको छ । त्रिवर्षीय खर्च संरचनामा वन,  वातावरण र विपद जोखिम व्यवस्थापन विषयक्षेत्रसँग सम्बन्धित सम्भावना, अवसर, समस्या तथा चुनौती सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य,रणनीति तथा कार्यनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरु समेत संलग्न गरी तर्जुमा गरिएको छ ।

## ६.२ चुनौति तथा अवसर

जैविक विविधताको दृष्टिकोणबाट महत्वपूर्ण रहेको रोशी गाउँपालिका क्षेत्रको अधिकांश भू-भाग वन जङ्गलले ढाकिएको र हरियालीयुक्त वन क्षेत्र अधिक रहेको र कृषि विकासका लागि समेत उपयुक्त क्षेत्र रहेको यस गाउँपालिकामा पर्यापर्यटन तथा कृषि पर्यटनको प्रचुर सम्भावना देखिन्छ ।

तथापि यस गाउँपालिका  क्षेत्रको वनजङ्गलले उचित संरक्षण र प्रबर्द्धको अभावले यथोचित विकास हुन सकेको छैन । वन डढेलो नियन्त्रणका लागि आवश्यक आधुनिक उपकरण, औजार, सीप तथा प्रतिकार्य योजना समेत को अभाव रहेको छ । वन, जैविक विविधता र जलाधारका श्रोतहरुको व्यवस्थापनमा स्थानीय जनप्रतिनीधि, उपभोक्ता समिति तथा आम उपभोक्ताहरुमा सचेतना र क्रियाशिलताको कमी रहको छ ।

वन क्षेत्रको वैज्ञानिक र बहुउद्देश्यीय व्यवस्थापन नहुँदा वन क्षैत्रको उत्पादन कम रहेको छ । परम्परागत रुपमा घाँस दाउरा र काठ बाहेक वन क्षेत्रबाट आयआर्जन तथा उद्यम व्यवसायमूलक क्रियाकलाप सञ्चालन गरी यथोचित  लाभ  लिन सकिएको

छैन । गाउँपालिकामा सञ्चालिन विभिन्न खानी तथा क्रसर उद्योगले वन विनाशमा सहयोगी भूमिका खेलेको छ । सरकार, नागरिक समाज र समुदायमा वन तथा वातावरण संरक्षण र व्यवस्थापन प्रतिको जिम्मेवारी बोधको कमी देखिएको छ । वैज्ञानिक वन व्यवस्थापन गरी काठ दाउराको उत्पादन बढाउनु, वन तथा कृषि क्षेत्रमा जडिबुटी लगायत आयमूलक क्रियाकलाप सञ्चलन गर्नु तथा वन क्षेत्रलाई ग्रामिण तथा पर्यापर्यटनको आकर्षण केन्द्र बनाउनु यस क्षेत्रका चुनौतीहरु हुन ।

## ६.३ उद्देश्य

१. प्राकृतिक स्रोतको दिगो उपयोग गर्ने ।
२. वातावरणको संरक्षण गर्ने

## ६.४ रणनीतिः

### ६.४.१ वन तथा जैविक विविधता

१. वन लगायत प्राकृतिक स्रोतको विकास र वैज्ञानिक उपयोग गर्ने,
२. प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आवद्ध गर्ने,
३. विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ,
४. फोहोरमैलाको व्यवस्थापन गर्ने .

### ६.४.२ भू-संरक्षण तथा जलाधार व्यवास्थापन

१. सुरक्षित क्षेत्र तथा जलाधारको संरक्षण एवं व्यवस्थापन गरी वातावरणीय सन्तुलन कायम राख्ने ,
२. वन, जैविक विविधता, सिमसार क्षेत्र र जलाधारको दिगो व्यवस्थापन र उपयोगबाट स्थानीय समुदायमा लाभको न्यायोचित विवरण एवम् पर्यापर्यटनका आधार क्षेत्रहरुलाई पुनस्थापना तथा पुननिर्माण गर्ने ,
३. जलस्रोत तथा भुमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गर्ने ।

### ६.४.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
२. बढ्दो उत्सर्जित प्रदुषणलाई न्यूनिकरण गराउनु ।
३. मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु ।

### ६.४.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

१. विपद्पूर्व तयारी तथा प्रतिकार्यका लागि समुदायलाई जागरुक बनाउनु,
२. विपद्उत्थानशिल संरचना निर्माणका लागि समुदायलाई सचेत गराउनु,
३. जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु,

## ६.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| वनले ढाकेको क्षेत्र | हे. | ८३२८ | ८३२८ | ८३३० | ८३५० | ८४०० |
| सामुदायिक वन | हे. | २५२९.८८ | २५२९.८८ | २५३० | २५५० | २६०० |
| कबुलियति वन | हे. | २२८.७८ | २२८.७८ | २२८.७८ | २२८.७८ | २२८.७८ |

## ६.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आ.व.२०८१/०२ | ६६५०००० | ९९७५०० | ५६५२५०० | | २५००००० | ४१५०००० | ० | |
| आ.व.२०२/०८३ | ७३१५००० | १०९७२५० | ६२१७७५० | | २७५०००० | ४५६५००० | ० | |
| आ.व.२०८३/०८४ | ८०४६५०० | १२०६९७५ | ६८३९५२५ | | ३०२५००० | ५०२१५०० | ० | |

## ६.७ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | पुष्ट्याइँ | आगामी तीन वर्षको उपलब्धि |
|---|---|---|---|---|---|---|

| | | | | | | **सूचक** |
|---|---|---|---|---|---|---|
| *वन तथा जैविक विविधता* | | | | | | |
| १ | नर्सरी स्थापना | हरियाली प्रवर्धन | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन प्रतिवेदन | नर्सरी स्थापना भएको हुनेछ। |
| २ | वृक्षरोपण कार्यक्रम | हरियाली प्रवर्धन | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | कार्यक्रम प्रतिवेदन, अनुगमन प्रतिवेदन | बृक्षरोपण भई पहिरो नियन्त्रण भएको हुनेछ। |
| ३ | वन डढेलो रोकथाम तथा नियन्त्रण कार्यक्रम | विपद जोखिम न्युनिकरण | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | कार्यक्रम प्रतिवेदन, फोटा | जोखिम न्युनिकरण भएक हुनेछ। |
| *भू संरक्षण तथा जलाधार व्यवस्थापन* | | | | | | |
| १ | भू-संरक्षण, पहिरो नियन्त्रण, नदि कटान, खोला किनार जग्गा विकास कार्यक्रम | विपद् व्यवस्थापन | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | फोटाहरु, प्रतिवेदन | खोला किनारमा भुःक्षय नियन्त्रण भएको हुनेछ। |
| *वातावरण तथा फोहोरमैला व्यवस्थापन* | | | | | | |
| १ | फोहोरमैला व्यवस्थापन केन्द्र | फोहोरमैला व्यवस्थापन | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदन | फोहोरमैलाको उचित व्यवस्थापनभएको हुनेछ। |
| *विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता* | | | | | | |
| १ | विपद जोखिम नक्साङ्कन | जोखिम क्षेत्रको पहिचान | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदन | जोखिम क्षेत्रको पहिचान भएको हुनेछ। |
| २ | विपद पूर्व तयारी तथा प्रतिकार्य योजना | विपद व्यवस्थापन | आ.व. २०८१/८२ देखि | | योजना प्रतिवेदन | विपदबाट सम्भाव्य जोखिम कमी भएको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ सम्म | | | हुनेछ। |
| **३** | विपद् व्यवस्थापन कोष स्थापना | विपद व्यवस्थापन | आ.व. २०८१/८२ देखि २०८३/८४ सम्म | | कोषको विवरण | |

## ६.८ जोखिम पक्ष तथा अनुमान

नीति तथा कानुनी व्यवस्था, कार्याक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्था, सरोकारवाला निकायहरुबीचको समन्वय र सहभागीता, आयोजनाका निम्ती जग्गा प्राप्ती विपद् व्यवस्थापन लगायतका विषय अनुकुल हुने अनुमान गरिएको छ। सो हुन नसकेमा अपेक्षित उपलब्धि हाँसील हुन नसक्ने जोखिम रहेको छ।

# परिच्छेद ७

# संस्थागत विकास तथा सुशासन

## ७.१ पृष्ठभूमि

स्थानीय तहले, नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक अधिकारको संरक्षण, सार्वजनिक सेवा, सुविधा र अवसरको समानुपातिक र समन्यायिक वितरण तथा व्यवस्थापन गर्दै आएको छ। संघीय शासन व्यवस्थाको मर्म अनुरुप स्थानीय तहले सार्वजनिक प्रशासनलाई निष्पक्ष, पारदर्शी, जवाफदेही, उत्तरदायी, नागरिकमैत्री तथा सहभागितामूलक बनाउन नीतिगत तथा कानुनी व्यवस्था, राष्ट्रसेवक कर्मचारीहरुको कार्यविवरण र आचार संहिताको तर्जुमा, सार्वजनिक सेवा प्रवाह, जनगुनासो व्यवस्थापन र अनुमगन तथा सुपरिवेक्षण गर्ने परिपाटीलाई संस्थागत गर्दै अगाडी बढिरहेको छ। स्थानीय तहको थपिएको जिम्मेवारी सँगै सार्वजनिक सेवालाई चुस्त, दुरुस्त एवं परिणामुखी र नागरिकमैत्री बनाई सुशासनको प्रत्याभूत गर्न भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन तथा कार्यसम्पादन करार, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, राष्टसेवकको क्षमता तथा दक्षता विकास र कर्मचारी व्यक्तिगत सूचना प्रणाली (PIS) स्थापना गर्ने कार्य गरिनेछ। नेपाल सरकारको **संबृद्ध नेपाल, सुखी नेपाली** को परिकल्पनालाई साकार पार्न एवं विकास आयोजनालाई समयमा नै गुणस्तरीय तथा प्रभावकारी रुपमा सम्पन्न गर्न स्थानीय तहले आवश्यक नीति तथा कानुनको तर्जुमा, संस्थागत विकास, शासकीय सुधार, कानुनी शासनको अवलम्बन, विद्युतिय शासन प्रणालीको विकास गर्ने लगायतका कार्यहरु सम्पादन गर्नका लागि आगामी त्रिवर्षको मध्यमकालीन खर्च संरचना तयार गरिएको छ।

## ७.२ समस्या तथा चुनौती

### समस्या

संविधान तथा स्थानीय सरकार संचालन ऐनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा नीति, कानुन, योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत, साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास व्यवस्थापन गर्ने साथै सेवाग्राहीमैत्री सेवा प्रवाहको लागि मानव श्रोत परिचालन गर्ने जस्ता समस्या रहेका छन।

### चुनौती

संविधा वमोजिम स्थानीय तहका अधिकार क्षेत्र भित्रका कार्य जिम्मेवारी स्थानीय तह मातहत ल्याउनु, सरल र सहज सार्वजनिक सेवा प्रवाहको लागि सार्वजनिक प्रशासनमा पारदर्शिता, जवाफदेहिता, नैतिकता र उत्प्रेरणा अभिवृद्धि गरी सुशासन कायम गर्नु, प्रदेश सरकारका विकास आयोजना तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन र

मूल्यांकन गरी स्थानीय सरकारको अनुभूति जनतामा दिलाउनु, गाउँपालिकाको बढ्दो जिम्मेवारी र दायित्व पूरा गर्नका लागि आवश्यक वित्तिय श्रोत सुनिश्चित गर्नु, वित्तिय सुशासन कायम गर्नु जस्ता चुनौती रहेका छन ।

## ७.३ उद्देश्यः

१. तथ्याङ्कमा आधारित सहभागीतामूलक योजना प्रणालीको स्थापना गर्ने ।
२. पारदर्शी, सहभागिता पूर्ण जवाफदेहि र पूर्व अनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।
३. संस्थागत पूर्वाधार निर्माण गर्दै सरल, सहज र सुलभ रूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

## ७.४ रणनीति

### ७.४.१ कानुन, न्यान तथा सुशासन

१. न्यायिक समितिका काम कारबाहीलाई प्रभावकारी बनाउन वडास्तर र गाउँपालिकास्तरमा मेलमिलाप केन्द्रहरुलाई सबल एवं सक्षम बनाउने,
२. गाउँपालिकालाई आवश्यक पर्ने ऐन कानून विज्ञको परामर्शमा बनाउने,
३. सार्वजनिक सुनुवाईलाई चौमासिक रुपमा वडा र पालिका स्तरमा संचालन गर्ने र सोको प्रतिवेदन लिने,
४. संचारका माध्यमहरु मार्फत गाउँपालिकाका गतिविधिहरु प्रचार प्रसार गर्ने ।
५. विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने।
६. सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रवाहलाई सुलभ, सरल र सहज बनाउने।
७. सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना गर्ने ।
८. सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गर्ने।

### ७.४.२ संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह

१. क्षमता विकास योजना अनुरुप गाउँपालिकामा कार्यरत कर्मचारीहरु एवं निर्वाचित जनप्रतिनिधिहरुका लागि आवश्यकता पहिचानका आधारमा विभिन्न क्षेत्रसंग सहकार्य गररे क्षमता विकासका कार्यक्रम संचालन गर्ने ,
२. गाउँपालिकामा हाल संचालनमा रहको शाखाहरुलाई वडा स्तरमा बिस्तार गर्ने,
३. दरबन्दि अनुरुपको स्थायी पदपुर्ति गर्ने,
४. कार्यमूलक संगठन संरचना निर्माण गरी कार्य सम्पादन प्रणालीलाई संस्थागत बनाउने,
५. गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
६. तथ्य र तथ्याङ्कमा आधारित योजना निर्माण गर्ने,
७. नतिजामूलक अनुगमन प्रणालीको अवलम्बन गर्ने।

### ७.४.३ स्रोत परिचालन

१. करका दर र दायरा बारेमा अध्ययन गर्दै गाउँपालिकाको आन्तरिक आयलाई बृद्धि गर्ने,
२. गाउँपालिकालाई प्राप्त हुने श्रोतको प्रभावकारी परिचालनका लागि सहभागितात्मक योजना तर्जमुा प्रक्रियालाई अवलम्बन गर्ने,

३. गाउँपालिकामा भएको श्रोतलाई आय आर्जन,रोजगारी सृजना र स्थानीय सेवा तथा बस्तुको प्रयोग हुने क्षेत्रमा परिचालन गर्ने,

४. राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने।

## ७.५विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य:

| सूचक | एकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धी | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यमकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| *नीति, कानून, न्याय तथा सुशासन* | | | | | | |
| कानुन तथा कार्यविधि | संख्या | ५४ | ५६ | ५८ | ६० | ६५ |
| क्रियाशील नीतिगत समिति तथा संयन्त्र | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| सामाजिक परिक्षण | संख्या | १ | १ | १ | १ | १ |
| सार्वजनिक सुनुवाई | संख्या | २ | ३ | ३ | ३ | ३ |
| प्रगति समिक्षा | संख्या | २ | २ | ३ | ३ | ४ |
| *संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह* | | | | | | |
| क्षमता विकास कार्यक्रम | संख्या | २ | ३ | ४ | ४ | ४ |
| *स्रोत परिचालन* | | | | | | |
| सवारीसाधन व्यवस्थापन | संख्या | ५१ | ५१ | ५५ | ५५ | ६० |
| राजश्व सुधार कार्ययोजना | संख्या | ० | १ | १ | १ | १ |
| सहभागीतामूलक योजना निर्माण | संख्या | १ | १ | १ | १ | १ |

## ७.६विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| आ.व.२०८१/०८२ | १२७३०९११९२ | १२०९४३७३२ | ६३६५४६० | | ११७६१७२६२ | ९०१२९३० | ५७८००० | |
| आ.व.२०८२/०८३ | १४००४०१११ | १३३०३८१०६ | ७००२००६ | | १२९३७८९८८ | ९९१४२२३ | ६३५८०० | |
| आ.व.२०८३/०८४ | १५४०४४१२२ | १४६३४१९१६ | ७७०२२०६ | | १४२३१६८८७ | १०९०५६४५ | ६९९३८० | |

## ७.७ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत | पुष्ट्याइँ | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| *नीति, कानून, न्याय तथा सुशासन* | | | | | | |
| १ | मौजुदा कानुन पुनरावलोकन | कानुनमा समय सापेक्ष परिमार्जन गर्ने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | परिमार्जित कानुनका दस्तावेज | कानुन संशोधान भएको हनेछ। |
| २ | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण | सरोकारवालाहरुलाई जवाफदेही र उत्तरदायी वनाउने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | प्रतिवेदनहरु | सेवाप्रदायकहरु सेवाग्राहीप्रति उत्तरदायी भएका हुनेछन। |
| ३ | अनुगमन तथा मूल्याङ्कन | सवै कार्यलाई पारदर्शी बनाउने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | अनुगमन प्रतिवेदन | विकास निर्माण लगायत अन्य कार्य पारदर्शी भएको हुनेछ। |
| ४ | मेलमिलाप केन्द्र व्यवस्थापन | वडास्तरमा न्यायिक निरुपण गर्ने | आ.व २०८१/८२ देखि २०८३/८४ | | माइनुट, बोर्ड | वडास्तरबाट नै विवाद समाधान भएको हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सम्म | | | |
| *संगठनात्मक विकास, मानव संसाधन तथा सेवा प्रवाह* | | | | | | |
| १ | क्षमता विकास कार्यक्रम | कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास गर्ने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | कार्यक्रमको प्रतिवेदन | कर्मचारी र जनप्रतिनिधिहरु आफ्नो- आफ्नि कार्यमा परिपक्व हुने |
| २ | अध्ययन अवलोकन भ्रमण | क्षमता विकास गर्ने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | अवलोकन प्रतिवेदन | अन्य स्थानको सिकाइ ग्रहण भएको हुनेछ। |
| ३ | नागरिक वडापत्रको व्यवस्था | नागरिकलाई कार्यालयको सेवाको बारेमा जानकारी दिने। | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | नागरिक वडापत्रहरु | नागरिकलाई कार्यालयको सेवाको बारेमा जानकारी भएको हुनेछ। |
| *स्रोत परिचालन* | | | | | | |
| १ | सवारीसाधन व्यवस्थापन | कर्मचारीको तथा जनप्रतिनिधिको समय व्यवस्थपन तथा कार्यक्षमता बढाउन सहयोग गर्ने | आ.व २०८१/८२ देखि २०८३/८४ सम्म | | सवारीसाधनको जिन्सी अभिलेख | कर्माचारीको समय व्यवस्थापन भइ कार्यक्षमता बृद्धि भएको हुनेछ। |

## ७.८जोखिम पक्ष तथा अनुमानः

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मूल्याङ्कनमा भर पर्दछ। यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ।

## अनुसूची-१

# अनुसूची-२

## मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा संलग्न पदाधिकारी विवरण

- **मध्यमकालीन खर्च संरचना तर्जुमा प्राविधिक समितिः**
  - संयोजकः प्रमुख प्रशासकीय अधिकृत श्री राम बहादुर तामाङ
  - सदस्यः धनवीर तामाङ (प्रशासन शाखा)
  - सदस्यः जय प्रसाद गजुरेल (जिन्सी तथा जलस्रोत शाखा)
  - सदस्यः गंगालाल श्रेष्ठ (स्वास्थ्य शाखा)
  - सदस्यः रघुनी शाह (पशु शाखा)
  - सदस्यः भुपेन्द्र अधिकारी (प्राविधिक शाखा)
  - सदस्यः प्रकाश पौड्याल (सूचना प्रविधि शाखा)
  - सदस्यः सबिता गौतम  (आयुर्बेद शाखा)
  - सदस्यः समीता तामाङ (कृषि शाखा)
  - सदस्यः चन्द्रावती श्रेष्ठ (आन्तरिक लेखा परिक्षक)
  - सदस्यः निमराज डाँगी (आर्थिक प्रशासन शाखा)
  - सदस्यः राजेन्द्र सिग्देल  (शिक्षा शाखा)
  - सदस्यः वेवी डेजी गुप्ता (न्यायीक सहजकर्ता)
  - सदस्यः चन्द्र कुमार पाख्रीन (रोजगार सेवा केन्द्र)
  - सदस्यः प्रज्वला राई ( महिला विकास शाखा)
  - सदस्यः मनिषा मोक्तान (उद्यम विकास शाखा)
  - सदस्यः सिता श्रेष्ठ ( सामाजिक सुरक्षा तथा पंञ्जिकरण शाखा)
  - सदस्यः राजन श्रेष्ठ ( सहकारी शाखा)
  - सदस्य सचिवः राम बहादुर लामा( योजना शाखा प्रमुख )

रोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
फोन नः ०११५९०५०१, ९८५१२०१९३७
ईमेलः roshi2073@gmail.com
वेवसाइटः www.roshimun.gov.np